म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २०२ आइतबार २१ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 5 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**फागुपर्व सभ्य रुपमा मनाऔं ।**

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं।
- जबरजस्ती लोला हान्रुने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं।
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं।
- गैरकानूनी र उच्छृंखल व्यवहार नगरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# कृषि योग्य जग्गालाई आवासीय बनाउन अनुचित दबाब

नवीन तिमल्सिना

हेटौंडा, २० फागुन/ भू-उपयोग नीतिको मुख्य उद्देश्य विपरित नागरिकहरुबाटै कृषि जग्गालाई आवासीयमा राख्न अनुचित दबाब आएको खुलेको छ ।

कृषि जग्गालाई फरक उद्देश्यमा वर्गीकरण गर्न दबाब दिएसँगै सरकारले भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्ने योजनाले ल्याएको भूउपयोग ऐन-२०७६ मकवानपुरमा कार्यान्वयनमा आउन नसकेको हो । मकवानपुरका जनप्रतिनिधिहरुलाई जग्गा धनीबाटै कृषि जग्गा आवासीयको वर्गीकरणमा पार्न दबाब परेको हो । जसकारण मकवानपुरका १० मध्ये ८ स्थानीय तहमा जग्गा वर्गीकरण अलपत्र छ । भू-उपयोग ऐन कार्यान्वयन गर्न गत २३ जेठमा सरकारले भूउपयोग नियमावली-२०७९ ल्याएपछि जिल्लाका ८ स्थानीय तह अझै अलमलमा छन् । जग्गा वर्गीकरण गरिसक्ने अवधि सकिएकै ९ महिना बितिसक्दा पनि पालिकाहरु अझै छलफलमा छन् ।

नियमावली आएपछि संघीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कृषि क्षेत्रको संरक्षण गर्न सबै पालिकाहरुलाई आफ्नो क्षेत्रको जग्गा २३ मंसिरसम्म कृषि र गैरकृषिमा वर्गीकरण सक्न निर्देशन दिएपनि हेटौंडा उपमहानगर पालिका र मनहरी गाउँपालिका बाहेकका स्थानीय तहले समयमै काम गर्न नसकेका हुन् । ८ स्थानीय तहमा जग्गा वर्गीकरणको काम अझै अनिश्चित बनेको हो । भू-उपयोग नीतिको मुख्य उद्देश्य नै कृषिको संरक्षण गर्नु रहेकोले कृषि र गैरकृषि छुट्टिएपछि जग्गाको कित्ताकाट खुल्ने जनाइएको छ । सरकारको नियमअनुसार जग्गालाई कृषि र गैरकृषिमा पनि आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा



खनिज, वन, नदी-खोला, ताल, सिमसार, सार्वजनिक उपयोग र सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रमा वर्गीकरण गर्नुपर्ने उल्लेख छ । मकवानपुरका जनप्रतिनिधहरुलाई जग्गा वर्गीकरण सकेर कित्ताकाट खोल्न र कृषि जग्गा आवासीयमा राख्न दबाब बढेको हो । कृषि जग्गा वर्गीकरण भए किनबेच गर्न नपाइने नियम भएपछि आवासीयमा राख्न धेरै इच्छुक देखिएको थाहा नगर पालिकाको मेयर विष्णुबहादुर विष्ट बताउँछन् । उनले नगरबासीको दबाबकै कारण समयमै जग्गा वर्गीकरण गर्न नसकेको बताए । 'कृषि जग्गा छ । हामीलाई आवासमा राख्दे भन्छन् । देख्दादेख्दै कसरी जग्गा आवासीयमा राख्नु । थाहा कृषिको सम्भावना बोकेको नगर भएकाले पनि कृषि जग्गालाई आवासीयमा राख्न नसकिने उनी बताउँछन्,' उनले जग्गाधनीहरुको दबाबकै कारण जग्गा वर्गीकरण गर्न नसकेको बताए ।

जग्गा वर्गीकरणको विषय कार्यपालिकासम्म आइनपुगेको र हाल वडा तहमै छलफलमा रहेको थाहा नगरपालिका प्रमुख विष्टले बताए । उनले जग्गा वर्गीकरण गर्न ठूलो चुनौती देखिएको भन्दै पहिलो चरणमा जनस्तरबाटै सुझाव संकलन भइरहेको बताए । सरकारले भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्ने योजनाले ल्याएको भूउपयोग ऐन-२०७६ मकवानपुरमा कार्यान्वयनमा नआउँदा जग्गा किनबेच रोकिएको हो । भूउपयोग ऐन कार्यान्वयन गर्न गत २३ जेठमा सरकारले भूउपयोग नियमावली-२०७९ ल्याएपछि जिल्लाका ८ स्थानीय तह अझै अलमलमा छन् ।

इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले पनि जग्गा वर्गीकरणको विषय जटिल भएकोले समयमै काम गर्न नसकिएको बताए । तल्लो तहको समस्या नै नबुझी संघीय सरकारले जग्गा वर्गीकरण गर्न नियम बनाएको भन्दै पुडासैनीले असन्तुष्टि जनाए । जनताको चाहना र नियम फरक भएकाले जग्गा वर्गीकरण गर्न समस्या भइरहेको उनको भनाई छ । गाउँबासीले कृषि जग्गा आवासीयमा राख्न दबाब दिएको पुडासैनीको भनाई छ । 'कसैलाई कृषि उत्पादन गर्ने जग्गा चाहिएको छैन् । कृषि जग्गालाई आवासीयमा वर्गीकरण गरेर आफैं फस्ने काम गर्न सकिँदैन् । त्यही भएर काम रोकिएको छ ।,' उनले भने ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ले जग्गा वर्गीकरणको विषयमा वडा तहबाट सुझाव संकलनको काम भइरहेको बताए । राक्सिराङमा पनि कृषि जग्गालाई आवासीयमा राख्न दबाब आइरहेको उनको भनाई छ । जग्गा वर्गीकरणको विषय लिएर गाउँगाउँमा जाने तयारी भइरहेको भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा बताउँछन् । उनले जग्गा वर्गीकरण गर्न गाउँपालिकाले हतार नगरेको र सुक्ष्म ढंगले अध्ययन गुर्नुपर्ने भएकाले छलफलकै क्रममा रहेको बताए । लामाले पनि जग्गा वर्गीकरणमा जटिलता देखेका छन् ।

जिल्लाको थाहा नगर पालिका, राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी, मकवानपुर गढी, बकैया र बागमती गाउँपालिकाले जग्गा वर्गीकरण गर्न नसकेका हुन् । नियमावलीले तोकेको जग्गा वर्गीकरण मापदण्ड र जनस्तरको मागबीच मतभिन्नता भएपछि स्थानीय तहहरुले जग्गा वर्गीकरण टुंग्याउन अप्ठेरो मानिरहेको पाइएको छ । वर्गीकरणको काम नसकिउन्जेल कित्ताकाट रोकिएको छ । जसकारण मकवानपुर सहित देशभर जग्गा किनबेचमा मन्दी आएको छ । स्थानीय तहहरुलाई छिटो जग्गा वर्गीकरण गर्न दबाब पनि परिरहेको छ ।

स्थानीय तहमा देखिएको समस्या र संघीय सरकारको जग्गा वर्गीकरण मापदण्डका कारण नियमावली आएको ९ महिनाभन्दा बढी भइसक्दा पनि वर्गीकरण अलपत्र छ । भूमि व्यवस्था तथा अभिलेख विभागको तथ्यांकअनुसार देशभरका ७ सय ५३ मध्ये हालसम्म करिब एक सय २८ स्थानीय तहले मात्रै जग्गा वर्गीकरण सकेका छन् । यिनले कृषि र गैरकृषिमा मात्र वर्गीकरण गरेको जानकारी प्राप्त भएको विभागले जानकारी दिएको छ । कृषि र गैरकृषिमा जग्गा वर्गीकरण गरेपछि कित्ताकाट खुल्ने गरेको छ । कृषि क्षेत्रका रुपमा वर्गीकरण गरिएको जग्गाको कित्ताकाटको क्षेत्रफल नियमावलीले तोकेको छ ।

काठमाडौं उपत्यकाको कृषि जग्गा भए पाँच सय वर्गमिटर भन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न पाइने छैन । त्यस्तै तराई र भित्री मधेशको भए ६ सय ७५ वर्गमिटर भन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न नपाइने उल्लेख छ । यसबाहेक अरु ठाउँका कृषि जग्गा एक हजार वर्गमिटरभन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न पाइँदैन । आवासीय क्षेत्रमा वर्गीकरण गरिएको जग्गालाई एक सय तीस वर्ग मिटरभन्दा कममा कित्ताकाट गर्न पाइने छैन । मकवानपुरमा मात्र नभई बागमती प्रदेशका १३ वटा जिल्लामध्ये थोरै स्थानीय तहले मात्रै जग्गा वर्गीकरण गर्न सकेका छन् ।

देशभरका नगरहरुको राष्ट्रिय भेला:

# हेटौंडामा अध्ययन केन्द्र स्थापनाको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ धनगढीमा भएको सिटिनेट नेपाल राष्ट्रिय च्याप्टरको राष्ट्रिय भेलाले हेटौंडामा विपद जोखिम न्यूनिकरण अध्ययन केन्द्र स्थापना निर्णय गरेको छ ।

१९-२० फागुनमा सम्पन्न सिटिनेट नेपाल राष्ट्रिय च्याप्टरको भेलाले हेटौंडामा विपद जोखिम न्यूनिकरण अध्ययन केन्द्र खोल्नेसहित विभिन्न सात वटा निर्णय गरेको हो । सिटिनेट नेपाल राष्ट्रिय च्याप्टरकी अध्यक्षसमेत रहेकी हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुख मिनाकुमारी लामाले भेलाको सभाध्यक्षता गरेकी थिइन् भने ललितपुर महानगरपालिकाको प्रमुख तथा सुटिनेटका कार्यकारी समिति सदस्य चिरिबाबु महर्जनको प्रमुख आतिथ्यता रहेको थियो । भेलाले सिटिनेट नेपाल राष्ट्रिय च्याप्टरको बिधान उपर छलफल, परिमार्जन तथा प्रमाणिकरण गर्ने, सिटिनेटको सदस्यता सम्बन्धमा छलफल तथा निर्णय गरिएको हेटौंडा उपमहानगरकी प्रमुख लामाले जानकारी दिइन् ।

सिटिनेटको कोष स्थापना, संचालन र व्यवस्थापन सम्बन्धमा, सिटिनेटको १० औं कंग्रेस (अन्तराष्ट्रिय सम्मेलन) सन २०२६ मा पोखरा महानगरपालिकाको आतिथ्यमा गर्ने प्रस्ताव गरेको लामाले बताइन् । विपद जोखिम न्यूनिकरण अध्ययन केन्द्र हेटौंडा उपमहानगरपालिकामा स्थापना गर्ने निर्णय गरिएको लामाले बताइन् । सिटिनेट नेपाल राष्ट्रिय च्याप्टरको परिषद् बैठक बिराटनगर महानगरपालिकाको आतिथ्यतामा बिराटनगरमा गर्ने निर्णय भएको छ ।

सिटिनेट नेपाल राष्ट्रिय च्याप्टरको सहजिकरण संस्था भुकम्प प्रविधि राष्ट्रिय समाज नेपाल, अध्यक्ष रहेको हेटौंडा उपमहानगरपालिका तथा महासचिव रहेको तानसेन नगरपालिकाको समन्वयमा आयोजित भेलामा काठमाडौं महानगरपालिका, पोखरा महानगरपालिका, बिराटनगर




महानगरपालिका, भरतपुर महानगर पालिका, बिरगंज महानगरपालिका तथा विभिन्न उपमहागरपालिका, नगरपालिकाको नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरु तथा संस्थागत सदस्यका प्रमुख लगायत ७२ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सिटिनेट सन् १९८७ मा स्थापित दिगो विकासको लागि प्रतिवद्ध एसिया तथा प्रशान्त क्षेत्रमा रहेका शहरी सरोकारवालाहरुको सबै भन्दा ठूलो संगठन हो । हाल १९ देशका १ सय ५४ सहर तथा संस्थाहरु यसका सदस्य रहेका छन् । जसमध्ये १ सय २ वटा पूर्ण सदस्य, ४९ संस्थागत सदस्य तथा ३ कर्पोरेट सदस्य रहेका छन् । सिटिनेट नेपाल राष्ट्रिय च्यापटरको स्थापना सिटिनेटको कामहरुको विकेन्द्रीकरण गरी यसको सदस्यहरुलाई परयोजनाको विकास गर्न सशक्त बनाउन, आफ्नो क्षेत्रको प्राथमिकताहरुको निर्धारण गर्दै सिटिनेटको संजाललाई अन्य स्थानीय निकाय तथा सम्भावित संस्थाहरु बीच बिस्तार गर्न सन् २००२ मा स्थापना भएको हो ।

सिटिनेटमा नेपालको ६ वटा महानगरपालिका, ५ वटा उपमहानगरपालिका तथा ४ वटा नगरपालिका पूर्ण सदस्यका रुपमा आवद्ध छन् भने अन्य ६ संस्थाहरु संस्थागत सदस्य रहेका छन् । भेलामा धनगढी उपमहानगरपालिकाको नगर प्रमुख गोपाल हमालले कार्यक्रममा स्वागत गरेका थिए । भेलामा काठमाडौंका मेयर बालेन्द्र शाह (बालेन), पोखराका मेयर धनराज आचार्य, भरतपुरकी मेयर रेणु दाहाल, बुटवलका मेयर खेलराज पाण्डेलगायतको उपस्थिति रहेको थियो ।

**कर्मचारी आवश्यकता**

यस फर्मको लागि एक जना (पुरुष) कमचारी आवश्यक परेको हुँदा ईच्छुकले तुरुन्त सम्पर्क राख्नुहोला ।

**संख्या : १ (एक) योग्यता: +२ उत्तिर्ण**

सम्पर्क:

**बिशाल टायर सेन्टर**

हेटौंडा-४, मेनरोड सुमार्गी कम्प्लेक्स

फोन: ९८४५८२९४११

# कुखुरा व्यवसायी संघ अध्यक्षमा मैनाली चयन




साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ कुखुरा व्यवसायी संघ मकवानपुरको अध्यक्षमा राजेन्द्र मैनाली चयन भएका छन् ।

शनिबार हेटौंडामा भएको संघको १६ औं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशनले मैनालीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो ।

संघको वरिष्ठ उपाध्यक्ष जयराम अर्याल, प्रथम उपाध्यक्ष गोविन्द सापकोटा, द्वितीय उपाध्यक्ष श्यामसुन्दर परियार, महासचिव रविन ढकाल, सचिव विनोदकुमार थापा, कोषाध्यक्ष कृष्ण अधिकारी तथा सदस्यमा संगीता सिलवाल, राजकुमार श्रेष्ठ, लक्ष्मी अधिकारी, कृष्ण खत्री, ओमनाथ घिमिरे, नवराज लुईटेल, रामप्रसाद अर्याल र गणेश खड्का चयन भएका छन् ।

संघका अध्यक्ष गोकुलनाथ पौडेलको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँको प्रमुख आतिथ्यतामा सभा भएको थियो । सभामा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्षद्धय प्रमोद सिंह रानाभाट र राजु अधिकारी लगायतको आतिथ्यता रहेको थियो । संघको यो १६ औं वार्षिक साधारण सभा तथा पाँचौ विषेश अधिवेसन भएको हो ।

# औषधि व्यवसायी संघ मकवानपुरको अध्यक्षमा श्रेष्ठ निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ नेपाल औषधि व्यवसायी संघ मकवानपुरको छैठौं जिल्ला अधिवेशनबाट अध्यक्षमा नारायणलाल श्रेष्ठ निर्वाचित भएका छन् ।

हेटौंडामा शनिवार भएको अधिवेशनबाट नयाँ कार्यसमिति चयनका लागि निर्वाचन भएको थियो । निर्वाचनमा श्रेष्ठले विष्णु थापालाई पराजित गरे । श्रेष्ठले ६२ मत ल्याउँदा थापाले ५८ मत प्राप्त गरेका थिए । अध्यक्षमा निर्वाचित श्रेष्ठ यसअघि उपाध्यक्ष हुँदै कार्यवाहक अध्यक्षको भूमिकामा र थापा कोषाध्यक्ष थिए । यसअघि सहमतिमा चयन गर्ने प्रयास गरेपनि सफल हुँदा निर्वाचन भएको थियो । श्रेष्ठ र थापा प्यानल बनाएर निर्वाचनमा होमिएका हुन् ।

यसैगरी, संघको उपाध्यक्षमा ७७ मतसहित संघर्ष गुरुङ विजयी भए । उनको प्रतिद्वन्द्वी सगुन गुरूङले ४३ मत पाए । महासचिवमा ८५ मतसहित भरतबहादुर कार्की विजयी हुँदा एएन साहले ३५ मत ल्याएका थिए । सचिवमा यादब अर्यालले ७५ मत पाउँदा प्रतिद्वन्द्वी विजय साहले ४४ मत पाएका थिए । कोषाध्यक्षमा विजयी सलाम सिं लामाले ७४ र सुशान्त लामाले ४६ मत प्राप्त गरेका छन् ।



सहकोषाध्यक्षमा किसन गुप्ता निर्वाचित भए । उनले ६९ र रामु दराईले ५० मत पाएको महासचिव कार्कीले जानकारी दिएका छन् । संघको सदस्यमा कृष्णहरि न्यौपाने, अनिश सुवेदी र निलम बैध निर्वाचिन भएका छन् । उनीहरूले क्रमश: ७१,६५ र ६१ मत पाएको महासिचव कार्कीले बताए ।

निर्वाचनमा १ सय २२ सदस्यले मतदान गरेका थिए । संघको अधिवेशन अघिल्लो शनिवारलाई तोकिए पनि प्राविधिक कारण देखाएर स्थगित गरिएको थियो ।

**घर भाडामा**

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोटा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विकासमा मनोमानी कहिलेसम्म ?

मकवानपु र सिन्धुली जोड्ने धरान-चरता-हेटौंडा सडक खण्डअन्तर्गत् बागमती खोलाको पुल करिब १० वर्षमा बल्ल निर्माण भयो । विगत ९ वर्षदेखि पुल अलपत्र हुँदा दुई जिल्लाबासीले बागमती खोलामा ज्यान जोखिम मोलिरहनु परेको यर्थात सबै माझ छर्लङ छ । बर्सातमा मकवानपुरको बागमती गाउँपालिका र सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाबीच सम्बन्ध नै टुट्ने गरेको थियो । हाल भने उक्त पुल बनेर दुई जिल्लाबासीले राहत महसुश गरेका छन् । तर, ९ वर्षसम्म भोगेको पीडाको मलम लगाउने कुनै निकाय थिएन् ।

यस्तै पीडा मकवानपुर र काभ्रेका जनतादेखि जिल्लाकै मकवानपुरगढी, मनहरी, हेटौंडादेखि १० वटै पालिकाको जनताले भोगिरहेका छन् । कारण, अधिकांश विकास आयोजनाहरु अलपत्र छन् । ठेकेदारको मनोमानी र सरकारी निकायको उदासिनताले विकास आयोजना अलपत्र मात्र परेको छैन, राज्यस्रोतको ठूलो रकमसमेत बालुवामा पानी हाले जस्तै भएको छ । साझाकुराले यसअघिको अंगमा मकवानपुर र काभ्रे जोड्ने ६ वर्षदेखि अलपत्र पुलकोको वस्तुस्थिति चित्रण गरेको थियो । काभ्रे र मकवानपुरको सीमाना सिक्रेदोभानमा पुलको ठेक्का लागेकै ६ वर्ष भइसक्दा पनि पिल्लर समेत उठेको छैन् । यसमा दोषि राजनीतिक नेतृत्प, निर्माण व्यवसायी र सरकारी निकाय तीनै पक्ष छन् । विगतमा सडक नै नभएको ठाउँमा बजेट हाल्ने राजनीतिक नेतृत्व, पुल बनाउने समयमा फुर्सद खोज्ने र बजार भाउ ताकेर बस्ने निर्माण व्यवसायी, कामको चासो नै नलिने सरकारी निकायका कारण काभ्रे र मकवानपुरका जनताले वर्षौंदेखि दुःख पाइरहेका हुन् ।

मकवानपुरगढीको ५ र ३ नम्बर वडा जोड्ने पुल तत्कालीन जिल्ला विकास समितिले ठेक्का लगाए पनि हालसम्म पुल निर्माण हुन सकेको छैन् । दुई वडाबासीले वर्षौंदेखि खोलामा बगिरहनु पर्ने अवस्थामा निर्माण व्यवसायी र सरकारी निकाय दुवै दोषि रहेको नागरिकको आरोप छ । पुल मात्र नभई, बागमती प्रदेश सरकारकै सभाहल अझै अलपत्र छ । प्रदेश सरकारको मुख्यालयको रुपमा रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सभाहल नै अलपत्र हो । मुख्यमन्त्री कार्यालयकै सभाहल निर्माण अलपत्र पार्न सक्ने निर्माण व्यवसायीहरुले नागरिकको प्रत्यक्ष सरोकार जोडिएका सडक, पुल अलपत्र पार्नु सामान्य विषय बनेका छन् । तर, राज्यको वेवास्थामाथि निर्माण व्यवसायीहरुको मनोमानीले नागरिक वाक्कदिक्क भइरहँदा पनि शासकहरुको निन्द्रा पर्नु रोचक छ । नागरिक सरोकारको विषयमा राज्य गैरजिम्मेवार बन्दा ठेकेदार शैलीका ठेकेदारहरु दिनप्रतिदिन मनोमानी गर्न उद्दत भइरहेका छन् । यसलाई कानुनी रुपमा रोक्नु सरकारको प्रमुख दायित्वको रुपमा रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन २२ गते शुक्रबार ६ मार्च २०२३ । चतुर्दशी फाल्गुण शुक्लपक्ष । चिल्लाध्य ११४३ ने.सं. । सूर्योदय ६:२६, सूर्यास्त ६:०६। पहाडी होली ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **तुला** | : समयले साथ दिनेछ |
| **वृष** | : काम अपुरै रहने देखिन्छ | **वृश्चिक** | : राम्रो समाचार सुन्न पाइनेछ |
| **मिथुन** | : मनमा निरासा उत्पन्न हुनेछ | **धनु** | : शुभ नतिजा आउनेछ |
| **कर्कट** | : समयले साथ दिनेछ | **मकर** | : दिन रमाइलो हुनेछ |
| **सिंह** | : रमाइलोमा दिन बित्नेछ | **कुम्भ** | : मन खिन्न हुनेछ |
| **कन्या** | : जोश जागर आउनेछ | **मीन** | : शरीरमा स्फूर्ती बढ्नेछ |

# राष्ट्रिय सहमतिलाई कसरी बुझ्ने ?



✍ राजेन्द्र किराती

गठबन्धन तोडिएसँगै राष्ट्रिय सहमतिको कुरा ओझेलमा पर्दै गएको छ । सहमतिलाई आआफ्नै दृष्टिकोणमा व्याख्या विश्लेषण गरिँदैछ । विशेष गरेर राष्ट्रपतिको निर्वाचनलाई लिएर यसले उल्लेख्य चर्चा पाएको थियो ।

प्रमुख प्रतिपक्षी दल कांग्रेसले समेत प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएपछि राष्ट्रिय राजनीतिमा नितान्त भिन्न परिदृश्य आरम्भ भएको सबैलाई थाहैछ । यही विकसित राजनीतिक सेरोफेरो अन्तर्गत सबै पार्टीहरूबीच शक्ति-सन्तुलन मिलाएर राष्ट्रिय सहमति कायम गर्दै अघि बढ्ने मत निकै प्रभावी बन्न पुग्यो । सबैलाई मिलाएर सरकार अघि बढ्ने कुरा आफैँमा नराम्रो थिएन । एकताबद्ध भएर मुलुक र जनताका तमाम समस्या सुल्झाउने मूल स्पिरिटमा गरिने सहमतिहरू माथि कहीँकतै प्रश्न उठाइरहनु राम्रो होइन ।

वस्तुतः राष्ट्रिय सहमतिअन्तर्गत तीनवटा रणनीतिक स्वार्थहरू लुकेको हुन्छ । पहिलो सिधै राष्ट्र र जनताका साझा स्वार्थ र दोस्रो कुनै पनि अमूक पार्टी, समूह वा व्यक्तिको निहित स्वार्थ र तेस्रो जनताका साझा स्वार्थकै अन्तिम उद्देश्य लिएर परिस्थिति परिपक्व वा सबल नहुन्जेल गरिने सङ्क्रमणकालीन सहमति । सहमतिहरू यस्तै विभिन्न स्वार्थगत दृष्टिकोणद्वारा निर्देशित हुनाले औसत एउटै फुर्लुङमा कोचेर बुझ्नु हुँदैन ।

कुन सहमति सही र गलत भन्ने निर्क्यौल गर्न गहिराइसम्म डुब्नुपर्ने हुन्छ । अर्थात् राष्ट्रिय सहमतिको प्रसङ्ग आउनेबित्तिकै कुन उद्देश्यबाट आइरहेको छ भनेर नियाल्न वा बुझ्न जरुरी हुन्छ । तब मात्र सही र गलत अनि औचित्यपूर्ण छ छैन भनेर निश्चित गर्न सकिन्छ । मूलतः मुलुक र जनताका आम स्वार्थमा गरिने राष्ट्रिय सहमति र मेलमिलापलाई अन्यथा मान्नु हुँदैन । बिनासर्त साथ सहयोग गर्नुपर्छ । यता कुनै अमूक पार्टी, समूह र व्यक्ति विशेषलाई केन्द्रमा राखेर गरिने राष्ट्रिय सहमतिलाई भने परिस्थितिको मूल्याङ्कन गर्दै विरोध र समर्थन गर्नुपर्ने हुन्छ । किनभने सहमति शब्द सुन्दा र देख्दा जति राम्रो छ । त्यसको व्यावहारिक कार्यान्वयन भने त्यति सहज देखिँदैन ।

सिद्धन्ततः वर्गअन्तर्विरोध र वर्ग स्वार्थद्वारा निर्देशित समाजमा निरपेक्ष र स्थायी राष्ट्रिय सहमति सम्भव हुँदैन । यो सार्वभौम कुरा हो । यस्तो समाजमा वर्गीय वैचारिक तथा स्वार्थगत अन्तरविरोधहरू टकराइरहेको हुन्छ । सैद्धान्तिक दृष्टिकोण र समाज व्यवस्थाको प्रकृतिमा समानता हुँदैन । उद्देश्य र गन्तव्यमा एकरूपता हुँदैन । कार्यदिशा र कार्यक्रमहरूमा आधारभूत रूपमै भिन्नता हुन्छ । यसो भएपछि कार्ययोजना कार्यान्वयनमा पनि एकरूपता हुँदैन । सबैले आआफ्नै निहित हितार्थ र स्वार्थमा राजनीतिक तथा प्राविधिक मुद्दाहरू अनुकूलतामा उठाइरहेको हुन्छ । सबै अवस्थामा जनताले यस्तो सारगत वास्तविकतालाई भने बुझेका हुँदैनन् । उनीहरू पक्ष-विपक्षका कित्तामा रूप वा आवरणीय पाटोलाई हेरेर वा देखेर रमाइरहेका वा दिग्भ्रमित भइरहेका हुन्छन् । पछि समय घर्किएपछि मात्रै उनीहरूलाई यो सच्चाइ थाह हुन्छ, जसले धेरै अर्थ र औचित्य राख्दैन । किनकि बेला बितेपछि उपचार सम्भव हुँदैन ।

यसरी वर्ग स्वार्थहरू टकराइरहेको वस्तुगत राजनीतिक धरातलमा गरिने सहमतिहरू प्रायः औसत निहित स्वार्थद्वारा निर्देशित हुन्छ । यहाँ औसत भन्नाले कुनै अमूक पार्टी, समूह र व्यक्तिको हित वा स्वार्थलाई लक्षित गर्न खोजिएको हो अर्थात् निहित स्वार्थका लागि अनुकूल परिस्थिति निर्माण नभएसम्म सहमति गर्नेक्रम बढ्दोछ नेपालमा । आजसम्मको सहमतिहरूको इतिहासलाई नियाल्दा राष्ट्र र जनताको हित वा स्वार्थ अनि परिवर्तन, न्याय र समानताका लागि भन्दा पनि पार्टीकेन्द्रित र आत्मकेन्द्रित स्वार्थमा सहमतिको व्यावहारिक अभ्यास हुँदैआएको देखिन्छ । अब भावी दिनहरूमा गरिने सहमति यसको अपवाद बन्यो भने खुसीको कुरा हुन्छ । अबको सहमति मुलुक र जनताका हितमा केन्द्रित होस् । हामी सबैको यही कामना रहन्छ ।

वस्तुतः हामीले अभ्यास गर्दै आएको सहमतिहरू कुन कुन स्वार्थद्वारा निर्देशित रहेको छ । यस सन्दर्भमा केही विश्लेषण गर्न जरुरी छ । सुन्दा सहमति ज्यादै राम्रो पदावली हो । तर अन्तर्यमा के छ भन्ने कुरा निर्णायक हुन्छ । सकारात्मक दृष्टिकोणबाट नियाल्दा सम्माननीय प्रधानमन्त्री प्रचण्डले झन्डै शतप्रतिशत विश्वासको मत पाइसकेपछि राष्ट्रिय सहमतिको पक्षमा रुझान हुनु स्वाभाविक हो ।

यसमा एकातिर सबैलाई मिलाएर लाँदा सरकारको कामकारबाही प्रभावकारी बनाउन सकिन्छ भन्ने उद्देश्य राख्नु राम्रो पक्ष हो । दोस्रो राज्यसत्तामा शक्ति-सन्तुलन मिलाउँदा भोलि कसैले पनि शक्तिको दुरुपयोग नगरोस् भन्ने हो । सहमतिको कभरमा एउटै मात्र विचार, पार्टी र व्यक्तिमा शक्ति केन्द्रित हुन पुग्दा सन्तुलन बिग्रिनु मात्र होइन सन्की मनोगत निर्णयहरूलाई नियन्त्रण गर्नका लागि पनि शक्ति सन्तुलन मिलाउनु सही कुरा हो अर्थात् चेक एन्ड ब्यालेन्सका लागि सहमति उपयुक्त देखिन्छ । यसकारण सत्ताको शक्ति सन्तुलन मिलाउनु वस्तुवादी र व्यावहारिक हुन्छ । हामी सबैको हित यसैमा हुन्छ । तर प्रधानमन्त्रीले आफ्नो निहित स्वार्थकै लागि मात्र सहमति भन्नुभएको हो भने त्यसको राष्ट्रिय राजनीतिमा कुनै औचित्य रहँदैन । त्यो पनि औसत सहमति मात्र हुनेछ ।

यता कांग्रेसले भनेको सहमतिलाई पनि सकारात्मक रूपमा विश्लेषण गर्दा अन्यथा मान्नु हुँदैन । संसद्को सबैभन्दा ठूलो शक्ति पनि राष्ट्र निर्माणको महाअभियानमा सहभागी हुन्छौँ भन्नु स्वागतयोग्य कुरा हो । शक्ति सन्तुलनको दायराभित्र राख्नु पर्‍यो भन्ने माग जायज छ । यसलाई हामी सबैले गम्भीर रूपमा लिनुपर्दछ । तर उसले केवल आफू कसरी शक्तिमा विराजमान हुने र अरूलाई च्याँखेदाउ हाल्ने वा साइजमा ल्याउने भन्ने कोणबाट यो सहमतिको कुरा गरेको हो भने त्यसको कुनै औचित्य रहँदैन अर्थात् आफू सरकार बाहिर बस्नुपरेको पीडामा अरूमाथि खेलबाड गर्नकै लागि हो भने साथ र सहयोग दिनैपर्छ भन्ने हुँदैन । यस्तो बेला कांग्रेसलाई सहमतिमा ल्याउनु र नल्याउनुले राजनीतिमा दूरगामी प्रभाव पार्दैन । त्यतिखेर सहमतिको औचित्य पुष्टि हुनुको सट्टा पश्चताप गर्नुपर्ने हुन्छ । यसकारण वस्तुतः सहमतिको कुरा कुन दृष्टिकोणीय स्वार्थ वरिपरिबाट आइरहेको छ भनेर स्पष्ट हुन जरुरी छ । साझा स्वार्थमा रहेछ भने यो वा त्यो भनेर कित्ताकाट गर्न जरुरी हुँदैन ।

त्यसैगरी एमालेले पनि औसत पार्टी, समूह र व्यक्तिगत स्वार्थ केन्द्रित राष्ट्रिय सहमतिको कार्डलाई मान्नैपर्छ भन्ने हुँदैन । कुनै पार्टी वा व्यक्तिविरुद्ध लक्षित सहमतिलाई स्वागत गर्नुपर्छ भन्ने रहँदैन । यस्तो सहमतिलाई उसले इन्कार गर्नु स्वाभाविक हुन्छ । तर एउटा विशिष्ट किसिमको राष्ट्रिय सहमति कायम गर्दै विकास र समृद्धिको साझा महाअभियानमा सबै गोलबन्द भएर अघि बढ्ने राष्ट्रिय सङ्कल्पको साथ अघि सारिएको सहमतिको प्रयासलाई भने उसले पनि मान्नुपर्ने हुन्छ । सहमति निरपेक्ष रूपमा गलत मात्रै हुन्छ भनेर बुझ्नु हुँदैन । उद्देश्यमा अन्तर्निहित स्वार्थ र औचित्यलाई हेरेर समर्थन र विरोध गर्नुपर्दछ अर्थात् कांग्रेस पनि हामी तपाईंहरूको विकास र समृद्धिको महायात्रामा सँगै हिँड्न चाहन्छौँ, साथ दिन चाहन्छौँ भन्छ भने स्वागत गर्नुपर्छ । विगतको नकारात्मक भाष्यलाई नापी तौलिरहनु हुँदैन । तर सहमतिको अन्तर्वस्तुमा आधारभूत रूपमै सबैको हित र स्वार्थ भने अन्तर्निहित हुन जरुरी हुन्छ । सहमतिलाई मान्ने वा नमान्ने भन्ने सहमतिको सारभूत अन्तर्वस्तुमा निर्भर हुन्छ ।

नेपाली राष्ट्रिय राजनीतिको विगत इतिहासलाई नजिकबाट नियाल्दा सहमतिहरू साझा स्वार्थभन्दा पनि निहित स्वार्थमा रुमल्लिँदै आएको देखिन्छ । तब कतिपय अवस्थामा राम्रै उद्देश्य राखेर गरिने सहमतिलाई त्यही पुरानै चस्माले हेर्ने गरिन्छ । यो अगुल्टाले हानेको कुकुर बिजुली चम्किँदा पनि तर्सन्छ भनेजस्तै हो ।

सिद्धान्ततः साझा स्वार्थ भनिए पनि व्यवहारमा निहित स्वार्थ नै हाबी हुने प्रचलन वा संस्कार नयाँ होइन । हामी सबै यसका भुक्तभोगी हौँ । यसकारण केही सचेत र सशङ्कित हुनु अनौठो होइन । आज अघि सारिएको राष्ट्रिय सहमतिको एजेन्डामा पनि पुरानै भूतको छाया देखिन्छ । तर सबै अवस्था वा परिस्थितिहरूलाई निरपेक्ष एउटै आँखाले हेर्नु सही हुँदैन । निरपेक्ष शङ्का र निरपेक्ष विश्वास वा अति शङ्का र अतिविस्वास दुवै हानिकारक हुन्छ । यही द्वन्द्वात्मक सच्चाइलाई गम्भीर मनन गर्दै हामीले अपनाउने राष्ट्रिय सहमतिबारे पनि सारलाई पकडेर द्वन्द्वात्मक विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

तसर्थ हामीले गरिने कुनै पनि राष्ट्रिय सहमति सिङ्गो मुलुक र जनताका हित र स्वार्थमा हुन जरुरी छ । औसत र अमूक पार्टी, समूह र पात्रको निहित स्वार्थमा गरिने जुनसुकै पनि सहमतिहरूको कुनै औचित्य रहँदैन । राजनीतिक औचित्यबिनाको सहमतिले नत गुणात्मक परिणाम दिन सक्छ न त विद्यमान राजनीतिक गतिरोधको वस्तुवादी समाधान । आजको हाम्रो वस्तुगत आवश्यकता भनेको निहित स्वार्थ र दाउपेचहरूको चक्रव्यूहमा फसेको राजनीतिलाई बाहिर उतार्नु हो । अस्थिर धरातललाई स्थिर पार्दै, सुस्ततामा गति पैदा गर्दै, दिशाविहीन राजनीतिलाई दिशानिर्देश गर्दै विकास र समृद्धिको साझा अभियानमा लामबद्ध गराउनु हो ।

यस्ता दूरगामी महत्व बोकेका साझा उद्देश्यहरूलाई केन्द्रमा राखेर गरिने राष्ट्रिय सहमतिहरूको दूरगामी महत्व हुन्छ । तब विरोधीहरूको स्वर पनि मलिन हुँदै जान्छ । तर अमूक पार्टी, समूह र व्यक्तिहरूको स्वार्थमा तामझाम र हल्लाखल्लासहित गरिने सहमतिहरूमा भने विरोधको स्वर बढ्दै जान्छ र अन्ततः सहमति नै भङ्ग हुनपुग्छ । यो वास्तविकतालाई सरोकारवालाहरूले गम्भीर ढङ्गले मनन गर्न जरुरी छ ।

*(साभार: रातोपाटी)*

---

# राज्य, बजार र आधुनिकताको चेपमा कृषि

✍ सोमत घिमिरे

पारिवारिक अर्थतन्त्र, सामुदायिक अर्थतन्त्र र स्थानीय अर्थतन्त्र बलियो हुने बाटो हामीले लिनुपर्छ । अहिले संसार घुम्दैफिर्दै पारिवारिक खेतीमा आइपुगेको छ । हामीले यसको भेउ नै पाएनौं । आज कोही मान्छे किन कृषिमा रहन सक्दैन ? किन कृषि युवाका लागि आकर्षणको विषय बनिरहेको छैन ? जति बेला हामीले पश्चिमी विकासका मान्यता र रणनीतिलाई स्वागत गर्‍यौं, त्यही बेलादेखि कृषिलाई आधुनिकताको श्रीपेच पहिर्‍यायौं । आधुनिक कृषिले सबैको सातो लियो । के कांग्रेस, के एमाले, के माओवादी, के बौद्धिक–सबै आधुनिक कृषिका पक्षपाती बने ।

आखिर आधुनिक कृषि भनेको के हो, आधुनिक कृषि भनेदेखि हाम्रो स्थानीय किन उत्पादन घटेको छ, किन कृषिलाई आधुनिकताको श्रीपेच लगाइदिएपछि तरकारीदेखि फलफूलसम्म आयात गरेर खानुपरेको छ भन्नेजस्ता प्रश्नहरूको उत्तर खोजिएको छैन । किन पछिल्लो समय हाम्रो स्थानीय उत्पादन वेगवान् गतिले घटेको छ ? किन मानिसहरू कृषिमा संलग्न हुन चाहेका छैनन् ? यस्ता प्रश्नहरूको उत्तर फराकिलो दृष्टिकोणबाट खोज्नुपर्छ ।

आधुनिक कृषिले सबभन्दा पहिले हाम्रो कृषि प्रणालीलाई निकम्मा बनायोह घोषणा गरेर होइन, ज्ञान र दानको जाल फ्याँकेर हाम्रो कृषि प्रणाली ध्वस्त बनायोह सयौं वर्षको अनुभव भएका हाम्रा किसानहरूलाई अज्ञानी बनायो । र भन्यो, 'तिमीहरूको बीउ राम्रो छैन, तिमीहरूको प्रविधि राम्रो छैन, तिमीहरूको कृषि पद्धति राम्रो छैन । मूर्खहरू, अब यसरी हुँदैनह हाम्रो सिक ।' पश्चिमाहरूकै तालमा हामीले सुर मिलायौं । कृषिलाई अर्थशास्त्रीय दृष्टिले मात्रै बुझ्ने चेष्टा गर्‍यौं । कृषिलाई बीउ होइन, पैसा रोप्ने बनाइयो । हामीले आफ्नै विविधता देख्न सकेनौं । जस्तो, पर्यावरणीय विविधता । पर्यावरणमाथि बलजफ्ती संसारमा कहीं चल्दैन । हामीले हाम्रो पर्यावरणीय धरातललाई विश्लेषण नगरीकन कृषिकर्म अगाडि बढायौं । औपचारिक कृषि शिक्षा दिएका ज्ञानीहरूले हाम्रो हावापानी, माटो अनुसारको खेती प्रणाली विकास गर्नै सकेनन् । जे गरिरहिएको थियो, त्यो काम नलाग्ने भयो । नयाँ गर्नै सकिएन । अहिलेको हाम्रो अप्ठेरो यही हो । कृषि र पर्यावरणको लय नमिल्दा जे हुनुपर्ने हो, त्यही भइरहेको छ । अबको हाम्रो बाटो पर्यावरणीय कृषिको बनाउने ठूलो प्रश्न छ ।

त्यस्तै, जातीय र सांस्कृतिक विविधता । हिमालमा बस्ने समुदायको पशुपालनमा आधारित आफ्नै कृषि प्रणाली थियो भने मधेशमा मिथिला संस्कृतिमा आधारित । मध्य महाडमा आफ्नै प्रकारको थियो । तर यो विविधतालाई संरक्षण र प्रवर्द्धन गर्न हामीले खोजेनौं । यसो गर्दा हामीलाई पाखे भइने डर भयो । आधुनिक मानिस हुनका लागि आधुनिक कृषि गर्नुपर्ने बाध्यता हामीलाई पर्‍यो । हामीले आफ्ना प्रणालीहरू नष्ट गर्‍यौं र एकल प्रणालीमा जान खोज्यौं । एकल प्रणालीमा मात्रै होइन, एकल जातमा पनि गयौं । हाम्रो पुस्तैनी मिश्रित खेती प्रणाली थियो, जसले माटोलाई संरक्षण गर्थ्यो । एकै चोटि धेरै थरी उत्पादन हुन्थे ।

एकातिर हामी जैविक विविधताको चर्को स्वरमा कुरा गर्छौं, अर्कातिर कृषिमा भइरहेको विविधतालई नष्ट गरेर एकल खेती प्रणालीमा लगिरहेका छौं । एकल खेती मात्रै होइन, एकल खानाको संस्कृतिले बढावा पाएको छ । स्थानीय पोषिलो उत्पादन अपहेलित भएको छ । खेतीपातीमा भएको संस्कृति खाद्यान्न संस्कृतिमा सरेको छ । चाउचाउका अगाडि मकै दोस्रो दर्जाको भएको छ । कोकका अगाडि मोहीको कुनै इज्जत छैन । कृषिमा आएको परिवर्तनले खाद्य संस्कृतिमा सोझै हानेको छ । यस्तो प्रणाली र संस्कृतिले हामीलाई विषम संकटमा लग्ने हो । हामी लगभग संकटको डिलमा छौं । संकटबाट डिलमा खस्न पर्खिरहेका छौं, यदि हामीले बाटो फेरेनौं भने ।

आधुनिक कृषिको श्रीपेचसँग अर्को कुरा टाँसिएको छ–व्यावसायिक कृषि । व्यावसायिक किसानलाई मात्रै सहयोग गर्ने सरकारी अघोषित रणनीतिले कृषि, खाद्यान्न र स्वास्थ्य प्राथमिकतामा रहेनन् । कृषि बजारका लागि उत्पादन गर्ने विषय बन्यो । बाह्य परियोजना र सरकारी सहयोग व्यावसायिक कृषिको रणनीतिले गर्दा साना र मध्यम किसानमा जानै मिलेन । 'प्रस्तावना,' 'मध्यावधि समीक्षा,' 'अन्तिम प्रतिवेदन' जस्ता शब्दावलीसँग अभ्यस्त हुन सक्ने एउटा वर्गलाई मात्रै कृषि सहयोग पुग्ने भयो । साना र मध्यम किसानलाई सहयोग गर्दा त उत्पादन कहिल्यै नबढ्ने, आत्मनिर्भर कहिल्यै नहुने, कृषि औद्योगिकीकरण कहिल्यै नहुने भाष्यहरूको निर्माण गरी वास्तविक किसानलाई सोझै बहिष्कार गरियो । जति बेलादेखि हामीले व्यावसायिक कृषिको बाँसुरी बजाउन थाल्यौं, त्यति बेलादेखि स्थानीय उत्पादन घटेको, कृषि पेसा हेलामा परेको हामीले विश्लेषण नै गरेनौं । पारिवारिक खेती मरेकामा हामीले विस्मात मानेनौं, हर्षबढाइँ जस्तो गर्‍यौं । पारिवारिक खेतीमार्फत अर्थतन्त्रमा भएको पारिवारिक योगदानलाई भुल्यौं मात्रै होइन, सामुदायिक अर्थतन्त्र लथालिंग भएको देख्न सकेनौं । थोरै घरानाहरूलाई हाम्रा स्रोत कब्जा गरेर धनी हुन दिने होइन, पारिवारिक अर्थतन्त्र, सामुदायिक अर्थतन्त्र र स्थानीय अर्थतन्त्र बलियो हुने बाटो हामीले लिनुपर्छ । अहिले संसार घुम्दैफिर्दै पारिवारिक खेतीमा आइपुगेको छ । हामीले यसको भेउ नै पाएनौं । आज कोही मान्छे किन कृषिमा रहन सक्दैन ? किन कृषि युवाका लागि आकर्षणको विषय बनिरहेको छैन ?

कृषि सामाजिक रूपमा अपहेलित पेसा बनेको छ । संस्कृतिसँग कृषिको कुनै तालमेल छैन । व्यावसायिक र आधुनिक कृषिका कारण हाम्रा सामाजिक सम्बन्धहरू खलबलिइरहेका छन् । राजनीतिक रूपमा किसानको निर्णय गर्ने अधिकार धेरै टाढा पुगेको छ । हाम्रो मौलिकता र विशेषतामा आधारित आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक प्रणालीलाई कृषिअनुकूल नबनाई बाह्य नक्कल मात्रै गर्ने हो भने नक्कल गरेजस्तो पनि हुन सक्दैनौं, आफ्नोपन पनि गुमाउँछौं । अहिलेको सबैभन्दा ठूलो चुनौती यही हो । स्थानीय उत्पादन बढाउन साना र मध्यम किसानलाई कृषि सेवा र प्रविधिका साथसाथै बजारसँग सञ्जालीकरण गर्नुपर्छ । कृषि प्रविधि भन्नेबित्तिकै ठूलठूला औजार र आयात गर्ने विषय मान्यौं, जसको हाम्रो धर्तीसँग लय मिल्न सकेन । हाम्रो परम्परागत ज्ञानसीपको यथेष्ट प्रयोग गर्दै आफ्नै प्रविधिको विकासबारे सोच्नुपर्छ । हामीले आफ्नो प्रविधिको विकास गर्न संरचना, लगानी र समय खर्चनुपर्छ । प्रविधि आकाशबाट पनि खस्दैन र आयात गरेर मात्रै पनि हुँदैन । यसबारे हामीले पर्याप्त चिन्तन गर्न जरुरी छ ।

अब हाम्रो कृषिनीति दुईखम्बे हुन जरुरी छ । एउटा, खानका लागि कृषि । किसानले आफैं उत्पादन गर्छन्, आफैं खान्छन् । खालि राज्यले कृषि सेवा र प्रविधिको व्यवस्थापन गर्नुपर्‍यो, जसलाई पारिवारिक खेती पनि भनिन्छ । पारिवारिक खेती धेरै घरधुरी उत्पादनमा सहभागी हुने र बजारसँग जोडिने अर्को पक्ष हो । अहिलेको बजारको ढाँचा किसानमैत्री छैन । तहतहका बिचौलियाहरूको सिकार बनिरहेका छन् किसानहरू । सबै अध्ययनले भन्छन्– स्थानीय उत्पादन छैन । तर हामी कहिलेकहीं देख्छौं– कहिले दूध नबिकेर, कहिले तरकारी नबिकेरकिसानहरूले बाटामा फाल्छन् । यो के हो ? किन यस्तो हुन्छ ? हामी यसबारे घात्लिन गर्न जरुरी छ ।

अर्कातिर, हाम्रा अर्थनीतिहरू बाधक छन् । गत जेठमा कृषि सम्बन्धी अध्ययनका क्रममा सात जिल्ला घुम्दा जता पनि स्थानीय बासिन्दाले उत्पादन गरेको बेसार नबिकेको देखियो । तर हामी भारतबाट सोझै बेसार ल्याउँछौं । भारतीय सस्तो बेसार नेपालका कुनाकाप्चामा पुग्छ र हाम्रो बेसार बिक्दैन । यहींनेर हामीले विचार गर्नुपर्ने तीन पक्ष छन् । पहिलो, स्थानीय उत्पादन कसरी बढाउने ? दोस्रो, उत्पादित वस्तुलाई बजारसँग कसरी जोड्ने ? तेस्रो, प्रशोधन गरेर जोड्ने कि त्यसै ? यस प्रश्नमा विचार गर्दा किसानहरूले बजार डिल गर्न सक्दैनन् । बजारबाट किसानहरू घाटामा पर्छन् । तसर्थ अब राज्यले बजारीकरणमा युवाहरूको भूमिका खोज्नुपर्छ । स्थानीय उत्पादन, प्रशोधन र बजारीकरणमा युवाहरूको संलग्नता बढाउने हो भने त्यसले ससाना एकाइमा कृषि औद्योगिकीकरणको सुरुआत गर्न सक्छ । अहिले हामीलाई बृहत् औद्योगिकीकरणमा जान प्रविधि, सीप, मानव स्रोत, आर्थिक र बजारको समस्या छ । तसर्थ ग्रामीण औद्योगिकीकरणको प्रक्रिया हाम्रा लागि उपयुक्त छ । धेरै एकाइ भएपछि रोजगारी बढ्ने भयो । प्रशोधन र औद्योगिकीकरणले कृषि उपजको मूल्य बढ्ने भयो र स्थानीय अर्थतन्त्र सबल हुने भयो । राज्यको अनुदान र सहजीकरणले विदेश पलायन हुने युवा शक्तिलाई कृषि बजारीकरण र औद्योगिकीकरणको प्रक्रियामा संलग्न गराउन सक्छौं जसले गर्दा बसाइँसराइको तीव्र गतिलाई रोक्न मद्दत पुग्छ र बाँझो जग्गाको प्रयोग हुन सक्छ । यस्तो प्रक्रियामा युवाहरूलाई कृषि सहकारीका माध्यमबाट संगठित गर्न सकिन्छ वा अरू तरिका पनि खोज्न सकिन्छ । पछिल्लो समय विश्वव्यापी रूपमा लोकप्रिय भएको स्टार्टअप कार्यक्रमलाई पनि उत्पादन, बजारीकरण र औद्योगिकीकरणमा जोडेर युवालाई आकर्षित गर्न सकिन्छ । नेपालमा सहकारीको अनुभव राम्रो छैन, यो सत्य हो, तर पुनःसंरचना गरेर यो दिशामा जान नसकिने होइन ।

अब हामीले हाम्रो कृषि विकासको खाकालाई राजनीतिक संरचनाबाट हेर्नु जरुरी छ । अहिले हाम्रो कृषि संरचना किसानहरूका लागि शासक मात्रै बनिरहेको छ, सहजकर्ता होइन । सेवा प्रविधि सहजीकरण होइन, शासन गर्नेजस्तो छ । कृषि संघीयता स्थानीय सरकारलाई वित्तीय र मानवस्रोतका हिसाबले बलियो बनाएर थाल्नुपर्छ । प्रदेश र संघको काम कृषि परियोजनाहरू लागू गर्ने होइन, सहजीकरण गर्ने हो । बरु कृषि उत्पादनको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारिकणको भूमिका खोज्न सकिन्छ । स्थानीय उत्पादनलाई बलियो बनाउन स्थानीय सरकार नै उपयुक्त संस्था हो । भौगोलिक र प्राकृतिक विशेषतामा आधारित व्यवस्थापन भने संघ र प्रदेशले गर्नुपर्छ । अबको बाटो स्थानीय उत्पादनको सबलीकरण, सामुदायिक सहकारीमार्फत प्रशोधन र औद्योगिकीकरण र बजारको सञ्जालीकरण हो । कृषिलाई यो दिशामा लैजान हाम्रो कृषि शिक्षा पनि पुनःसंरचित हुनुपर्छ । अहिले तत्काल कृषि शिक्षाले दुइटा काम गरेको छ– कृषि पढेपछि विदेश जाने र झोलामा सर्टिफिकेट राखेर दिनभर रोजगारीका लागि भौंतारिने । कृषि शिक्षाको पुनःसंरचना भन्नुको अर्थ स्थानीय विशेषतामा आधारित, स्थानीय उद्यमलाई सहजीकरण गर्ने शिक्षा हो जसले रोजगारीको खोजीमा होइन, सिर्जनामा भूमिका खेलोस् ।

*(साभार: ई-कान्तिपुर)*

## कर्मचारीको तलब :

# उच्चस्तरीय समितिको प्रतिवेदनमा के छ ?

काठमाडौं/निजामती कर्मचारीहरुको तलबमान अध्ययन गर्न गठित उच्चस्तरीय अध्ययन समितिले राज्यको क्षमता बढाएर न्यूनतम जीवनयापन हुने गरी तलब निर्धारण गर्न सुझाव दिएको छ ।

पूर्वमुख्यसचिव लिलामणी पौड्यालको संयोजकत्वको समितिले शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बुझाएको प्रतिवेदनमा कर्मचारीहरुको आधारभूत जीवनयापन र न्यूनतम आवश्यकता परिपूर्ति हुनेगरी तलब निर्धारण गर्न सुझाव दिएको हो ।



समितिका सदस्य समेत रहेका पूर्वसचिव विमल वाग्लेले अंक र प्रतिशत तोकेर प्रतिवेदनमा तलबका वारेमा केही उल्लेख नगरिएको बताए । उनले भने, 'सरकारले हामीसँग नेपालको अर्थतन्त्रको स्थिति विचार गरेर तलब निर्धारणमा सुझाव मागेको थियो, त्यसैअनुसार हामीले पनि केही सैद्धान्तिक आधारहरु मात्रै उल्लेख गरेर सुधारका विषय सिफारिस गरेका छौं ।'

१५ जेठमा आएको बजेटमा कर्मचारीहरुको १५ प्रतिशत तलब बढाउने घोषणा गरिएको थियो । तर पछि माथिल्ला तहका कर्मचारीहरुको २० प्रतिशतभन्दा बढी तलब बढाइएको भन्दै कर्मचारीहरुले विरोध गरेपछि सरकारले ६ भदौ २०७९ मा तलबमान अध्ययन गर्न उच्चस्तरिय समिति गठन गरेको थियो ।

पूर्व मुख्यसचिव लिलामणी पौड्यालको संयोजकत्वमा गठित समितिमा पूर्वसचिव विमल वाग्ले र चार्टर एकाउन्टेण्ड शिवदेव पाण्डे सदस्य थिए । समितिले कर्मचारीहरुको तलब निर्धारण गर्दा दुई पाटोलाई आधार मान्नुपर्ने सुझाव दिएको उनले बताए ।

एकातर्फ अहिले दिइएको सुविधाले जीवनयापन नै कठिनाई छ भने अर्कोतर्फ सार्कका अधिकांश मुलुकहरुमा कर्मचारीहरुको सुविधा नेपालको तुलनामा राम्रो छ । 'छिमेकी मुलुकहरुको अवस्था हेर्दा पनि हामी तल छौं । न्यूनतम आवश्यकता परिपूर्तिका दृष्टिकोणले पनि सुविधा कम छौं' समितिका सदस्य विमल वाग्लेले भने, 'दुवै दृष्टिकोणबाट हेर्दा हामी तल छौं । यसका साथै अन्य पाटोलाई हेरेर विचार गरिनुपर्छ भन्ने विषय प्रतिवेदनमा समेटिएको छ ।'

पूर्वमुख्यसचिव पौड्यालले सरकारले दिएको कार्यादेश अनुसार चारवटा क्षेत्रमा अध्ययन गरी प्रतिवेदन बुझाइएको बताए । पहिलो, तलबमान निर्धारणका आधारवारे सिफारिस र राज्यको क्षमतावारे विश्लेषण भएको छ । दोस्रो, मर्यादाक्रम अनुसार पद र तलब मिलाउन समितिले सुझाव दिएको छ । छिमेकी मुलुकहरुमा कर्मचारीहरुको सुविधो र नीजि क्षेत्रका श्रमिकको पारिश्रमिकको मापदण्डवारे पनि अध्ययन गरेर सुझाव दिइएको समितिका संयोजक पौड्यालले बताए ।

सरकारले समितिलाई तलब बढाउन सिफारिस गरेमा राज्यको स्रोत, साधन र क्षमता पनि हेर्नु भनेको थियो । तलबसुविधा त बढाउन सिफारिस गर्ने, तर राज्यको क्षमताले पुग्छ कि पुग्दैन भन्ने पाटोमा पनि निकै छलफल भएको सदस्य वाग्लेले बताए ।

सरोकारवालाहरुको छलफल र अन्तरक्रियापछि समितिले 'राज्यको स्रोतसाधन छैन भन्दैमा चुप लाग्न नहुने भन्दै सरकारलाई क्षमता बढाउन' सुझाव दिएको छ । 'कर्मचारीहरुलाई चाहिने न्यूनतम आवश्यकताका परिपूर्ति नभए राज्यले उनीहरुबाट प्रतिफल नै लिन नसक्ने अवस्था आउने देखिन्छ' प्रतिवेदनको निचोड उदृत गर्दै समितिसम्वद्ध स्रोतले भन्यो, 'कर्मचारीहरुलाई अधिकतम क्षमता र मनोवलका साथ परिचालन गर्नपनि सुविधा बढाउनुपर्छ । आफूसँग स्रोत छैन भनेर खुम्चिएर बस्न मिल्दैन । राज्यको क्षमता बढाउनुपर्छ भन्ने सुझाव छ ।'

समितिले कर्मचारीको सेवा सुविधाका केही प्रस्ताव गरेको छ भने उपचार खर्च, विदा, आवास, यातायात लगायतको पाटोमा विवेचना गरेको छ । दरवन्दी कटौती, एकोहोरो पेन्सन नीति, पेन्सनको दिर्घकालिन विकल्प, सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन लगायतका विषयमा पनि समितिले प्रतिवेदन मार्फत सुझाव दिएको छ ।

फजुल खर्चको नियन्त्रण र आम्दानीको बढोत्तरीले अहिले देखिएको समस्या केही हदसम्म सम्बोधन हुने समितिको निष्कर्ष छ । अहिले राज्यको खर्च प्रक्रिया ठिक ढंगले नभएको र हुनुपर्ने जति आम्दानी समेत नभएको औंल्याउँदै समितिले 'आम्दानी बढाउने र खर्च घटाउने ठाँउ हेरेर सन्तुलन मिलाउन र त्यसपछि कर्मचारीहरुको सुविधा व्यवस्थापन गर्न' सुझाव दिएको छ ।

समितिले कर्मचारीहरुको न्यूनतम जीवनयापनको पाटो विवेचना गरेर तलबमान निर्धारण गर्नुपर्ने र उनीहरुलाई अधिकतम रुपमा परिचालन गर्न राज्य चुक्न नहुने सुझाव दिएको छ ।

समितिका सदस्य वाग्लेले कर्मचारीहरुबाट प्रतिफल, उनीहरुलाई प्रोत्साहन, काम गर्ने तौरतरिकामा सुधार, वातावरण निर्माण लगायत कार्यसम्पादनको लेखाजोखा गर्नुपर्ने विषयलाई पनि अध्ययनमा समेटिएको सुझाव दिएको हो । 'हामीले राज्यको क्षमता बढाउनैपर्छ भनेर मुख्य रुपमा सुझाव दिएका छौं', समितिका सदस्य वाग्लेले भने, 'कर्मचारीहरुको सुविधा निर्धारणका लागि केही आधार दिएका छौं । त्यसलाई हेर्दा अहिलेको तुलनामा बढोत्तरी होला ।'

कहिले प्रतिशत त कहिले अंक तोकेर कर्मचारीहरुको तलब समायोजन हुने गरेको थियो । कतिपय अवस्थामा अंक तोकेर बढाइएको भत्ता तलबमा गाभिदा सुविधामा एकरुपता थिएन । समितिले यी पक्षमाथि समेत विचार गर्न सुझाव दिएको छ ।

अहिले निजामती कर्मचारीहरुले मर्यादाक्रम अनुसार तलब निर्धारण नभएको, मर्यादाक्रममा तल भएकाहरुको तलब बढी भएको गुनासो गरेका थिए । सिद्धान्ततः मर्यादाक्रम र तलबको सोझो सम्बन्ध रहँदैन भनेपछि समितिले १९ वटा पदमा तलब र मर्यादाक्रम मिलाउन सिफारिस गरेको छ । मर्यादाक्रम र तलबमान मिलाउनु भन्ने समितिलाई दिइएको प्रमुख कार्यदिश थियो ।

समितिले निजी क्षेत्रका श्रमिकको तलबसुविधा निर्धारण गर्दा तोक्नुपर्ने मापदण्डवारे पनि सिफारिस गरेको छ । नीजिक्षेत्रको श्रमिकको सवालमा भने सैद्धान्तिक पाटोमा मात्रै केन्द्रित भएको अध्ययन समितिका सदस्य वाग्लेले बताए ।

समितिको प्रतिवेदन बुझ्दै प्रधानमन्त्री प्रचण्डले कर्मचारीहरुको सुविधा पुनर्विचार गर्ने प्रतिवद्धता जनाए । 'कर्मचारीहरूको सेवा सुविधा कम हुँदा एकातर्फ कार्यक्षमतामा ह्रास आउँछ, अर्कोतर्फ वित्तीय अराजकता पनि बढ्ने खतरा रहन्छ', प्रचण्डले भने, 'तलवले जीवनयापनका निम्ति पर्याप्त आधार तयार नहुँदा कि त विदेसिनुपर्ने कि त वित्तीय अराजकता वा लामो हात गर्ने ठाउँमा पुगेका उदाहरण पनि हामीकहाँ छन् । आजको परिस्थिति र आवश्यकता अनुसार तलवमान र सेवासुविधामा पुनर्विचार गर्न आवश्यक छ ।'

*(स्रोत: अनलाइनखबर)*

## 'छक्का पञ्जा- ४', पुरानै कमजोरी दोहोरिएको नयाँ श्रृंखला




काठमाडौं/द्वन्द्वबिना कथा अगाडि बढ्न सक्दैन, पटकथा लेखनमा थुप्रैले अपनाउने शैली यही हो । पात्रको उत्कट इच्छा र त्यो प्राप्तिका लागि गर्नुपर्ने संघर्षमा आधारित हुन्छ, द्वन्द्व । त्यसैले जति बलियो इच्छा हुन्छ त्यति नै संघर्ष पात्रले गर्नुपर्ने हुन्छ । यदि कथामा द्वन्द्व हुँदैन, पात्रले संघर्ष नै गर्नुपर्दैन भने त्यस्ता कथाले लय गुमाउँदै जान्छन् ।

द्वन्द्वबिना कथा फितलो र अपरिपक्व हुन्छ । संरचना रुनमिलेको लेखनले भन्न खोजेको कुरा पष्ट्याउँदैन पनि । हेमराज बिसी निर्देशित 'छक्का पञ्जा- ४'को प्रमुख समस्या यही हो । फिल्मको केन्द्रीय द्वन्द्व स्पष्ट नहुँदा निर्देशकले फिल्ममार्फत् भन्न खोजेको कुरा पनि अस्पष्ट छ ।

प्रतिनिधिसभा सदस्य निर्भय सिंह (नीर शाह)का छोरा हुन्, दिग्विजय सिंह(दीपकराज गिरी) उर्फ 'राजा' । गुन्डा नाइके ! मिटर व्याजीका रुपले परिचित उनी टोले गुन्डासहित लफडा गर्नमा माहिर । एकीकृत निष्पक्ष दलबाट निर्वाचनमा होमिनै लाग्दा निर्भय बिमार पर्छन् । बोल्न नसक्ने, शरीर नचल्ने रोग लागेपछि निर्भयले नै निर्वाचनमा पार्टीबाट सहभागी हुने उम्मेदवार चुन्नुपर्ने हुन्छ । पार्टीकै अर्का नेता नरोत्तम (रमेश बुढाथोकी) आशावादी हुन्छन् । तर, निर्भयले छोरालाई रोज्छ । त्यसपछि झैझगडा र मार पिटमा कुख्यात दिग्विजयले भागलपुर बाट चुनाव लड्ने तयारी थाल्छ । दिग्विजयले राजनीतिमा आफ्नो स्थान बनाउला त ? खराब छविले ल्याउने समस्याबीच समाधानको बाटो कस्तो पहिल्याउलान्? 'छक्का पञ्जा ४'को कथा यही सेरोफेरोमा घुम्छ ।

राजनीति र कर्मचारी तन्त्रलाई व्यंग्य गर्न खोज्नु यो फिल्मको सकारात्मक पाटो हो । राजनीतिमा हुने गुन्डागर्दी, योग्यलाई भन्दा आफ्नालाई टिकट, युवा र पुराना नेतृत्वबीचको लडाइँ, राजनीतिक खिचातानीलगायत विषयलाई फिल्मले छोएको छ । त्यस्तै सरकारी कर्मचारीले गर्ने ढिलासुस्ती र त्यसमा सत्ता र शक्तिमा भएकाले निभाउन सक्ने भूमिकामाथि पनि व्यंग्य गरेको छ । बढ्दो पपुलिष्ट, युट्युबकारिता, साइबरसेना, विवाहेत्तर सम्बन्धलगायत थुप्रै विषयलाई समेट्न खोज्दा 'छक्का पञ्जा ४', उठाउन खोजेको मूल मुद्दाको गहिराइमा भने पुग्दैन । राजनीति र कर्मचारीतन्त्रका विषय सतही रुपमै उठाइँदा यो संस्करण पनि अन्य श्रृंखलाभन्दा माथि उठ्न सकेको छैन । फिल्म मूल मुद्दामा नभई अन्य विषयहरुमै अल्झिरहन्छ ।

फितलो पटकथा, दुइअर्थी र स्त्रीद्वेशी संवाद अनि कमजोर महिला चरित्रचित्रण यो श्रृंखलामा पनि दोहोरिएको छ । फिल्मको प्रमुख पात्र दिग्विजयले फिल्ममा कुनै कुरा पाउनका लागि खासै मिहेनत नै गर्नुपर्दैन । सबै सजिलै उनको अगाडि आइपुग्छ । चुनावमा विपक्षी कमजोर भइदिन्छ । आफूविरुद्ध बोल्दै हिँड्ने युट्युबर एलिसा(बेनिशा हमाल) सजिलै उनको पक्षमा उभिन्छिन् । मन्त्री बन्ने प्रकृयामा पनि ठूलो संघर्ष गर्नुपर्दैन । प्रमुख पात्रले यसरी सजिलै सबै कुरा सामना गर्दा फिल्मको कथाले खासै दर्शकलाई बाँधेर राख्न सक्दैन । दर्शकमा अब के होला भन्ने हुटहुटी पनि हुँदैन । फिल्मको पटकथा कसिलो भइदिएको भए क्लाइमेक्स पनि क्लिसे लाग्दैनथ्यो ।

थुप्रै विषयलाई समेट्न खोज्दा-खोज्दै बटुल्न नसकेर पोखिएको छ, 'छक्का पञ्जा- ४' । फिल्मको कथा/पटकथामा दीपकराजले अझै मिहेनत गरेको भए यी कमजोरी भेटिँदैनथे सायद । पहिलो हाफमा दिग्विजयलाई खराब चरित्रको देखाइए पनि दोस्रोमा जबर्जस्त परिवर्तित देखाउन खोजिएको छ । यद्यपि उनमा आएको परिवर्तनको कारण दर्शकलाई बुझाउन चुकेका छन्, निर्देशक बिसी ।

यो श्रृंखलामा तुलनात्मक रुपमा अघिल्लाभन्दा दुईअर्थी शब्दको प्रयोग कम छ । तर, स्त्रीद्वेशी संवादलाई भने दर्शक हसाउनकै लागि प्रयोग गरिएको छ । आइटम, सहकारी संस्था(कतिखेर छोडेर भाग्ला थाहा नहुने), परराष्ट्र मन्त्रालयसँग महिलालाई दाँजिएको छ । फिल्मको सबैभन्दा कमजोर पक्ष नै परम्परागत महिला चरित्रचित्रण हो । 'क्रेजी काठमाडौं' युट्युब च्यानलकी युट्युबर एलिसा(बेनिशा)लाई पैसाका लागि सत्यको बाटो छोडेर गलत व्यक्तिसँग उभिन तयार महिलाको रुपमा चित्रण गरिएको छ । लुनिभा र मलिना जोशीको चरित्रलाई त दुई सौतेनीको झगडा देखाउन मात्र राखिएको भान हुन्छ । त्यस्तै, फिल्ममा अभिनेत्री दीपाश्री निरौला पनि दिग्विजयको सतिसावित्री पत्नीको रुपमा देखिएकी छन् ।

फिल्ममा थुप्रै चरित्र छन् । पात्रहरुको चरित्र स्थापनामा पनि समस्या देखिन्छ । एउटै दृश्यमा डीआईजी सुरेन्द्र राई(शिशिर वाङदेल) लाई शक्तिशाली देखाइन्छ, तर छोरीका बावुका रुपमा कमजोर । दिग्विजयका छोरा हरेकृष्ण(राज आचार्य)लाई क्लाइमेक्स दृश्यका लागि मात्रै फिल्ममा स्थान दिइएको अनुभव हुन्छ । त्यसबाहेक उनको चरित्रले मूल मुद्दामा खासै टेवा पुऱ्याउँदैन । त्यस्तै, यसपटक फिल्ममा राजासँगको साथीहरुको दोस्ती पनि बलियो देखाइएको छैन । पहिलो हाफसम्ममा साथी संजेल(माग्ने बुढा) र बुद्धि राजालाई सहयोग गर्न आइपुग्छन् । तर, दोस्रो हाफपछि बुद्धि खासै देखिँदैनन् । गाउँका शिक्षक संजेललाई भागलपुर नै बिर्सेर सहरमा राजालाई सहयोग गरि रहेको देखाउनु विश्वनीय लाग्दैन । त्यसमाथि चुनाव लड्दा राजाले बाँडेको पुल बनाउने सपना त्यतिञ्जेल हराइसक्छ । फिल्मको खिचाइ (सिनेम्याटोग्राफी)मा कला भेटिन्न । 'दर्शन सलाम' गीतका कति दृश्य फोकसमा चिप्लिएको छ । थुप्रै दृश्यमा नेचुरल लाइटले आँखा बिझाउँछ । दरबारिया भाषाको प्रयोग कति ठाउँमा कर्कसपूर्ण सुनिन्छ ।

छक्का पञ्जाका यस अघिका तीनवटै श्रृंखला दीपाश्री निरौलाले निर्देशन गरेका हुन् । तर, चौथौं श्रृंखला भने लभस्टोरी विधाका निर्देशक हेमराज बिसीले गरेका हुन् । तर, चौथौ श्रृंखलामा पनि यसअघिका फिल्ममा देखिएका गल्तीहरु दोहोरिए । छक्का पञ्जाको छुट्टै ब्रान्ड बनाउन सफल दीपक र दीपाले अब भने यो बुझ्नुपर्छ, भान्से बदल्दैमा तरकारीको स्वाद फेरिँदैन, त्यसका लागि मसला र सरसामग्री नै बदल्नुपर्छ । त्यसैले निर्देशक फेर्नुभन्दा लेखनमै मिहेनत गर्नतर्फ ध्यान दिनुपर्छ ।

## जसपाका ८० नेताविरुद्ध कारबाही सिफारिस

काठमाडौं/जनता समाजवादी पार्टी (जसपा) ले निर्वाचनमा अन्तर्घात गर्ने ८० जना नेता, कार्यकर्तालाई कारबाही गर्ने प्रक्रिया अघि बढाएको छ । यसअघि बसेको केन्द्रीय कार्यकारिणी समितिको निर्णयबमोजिम छानबिन र कारबाही सिफारिस समितिले शनिबार अध्यक्ष उपेन्द्र यादवलाई प्रतिवेदन बुझाउँदै ८० जना नेता, कार्यकर्तालाई कारबाही गर्न सिफारिस गरेको हो ।

प्रतिवेदन बुझ्दै अध्यक्ष यावदले समितिको प्रतिवेदनमाथि केन्द्रीय समिति बैठकमा छलफल हुने र कारबाही प्रक्रिया अघि बढाउने बताए । चुनावमा घात अन्तर्घात गरेको भन्दै जसपामा पाँचथर, सुनसरी, मोरङ, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, मकवानपुर, धादिङ, काभ्रे, बर्दिया, सुर्खेत र कैलालीमा गरी ४८ जना केन्द्रीय कार्यसमिति सदस्यसहित १५२ जना नेता कार्यकर्ताविरुद्ध उजुरी परेको थियो ।

छानबिन समितिका संयोजक थापामगरले ती सबै ठाउँमा पुगेर स्थलगत अध्ययन र बयान लिएर प्रतिवेदन तयार गरिएको बताए । 'हामीले आरोप लगाउने र लागेका व्यक्ति दुवैको बयान लिएका छौं, पार्टीका सम्बन्धित तहका पदाधिकारीहरूसँग समेत कुराकानी गरेर तथ्यमा आधारित प्रतिवेदन तयार भएको छ,' उनले भने, 'त्यस हिसाबले कुनै न कुनैरुपमा पार्टीलाई अन्तर्घात हुने गरी धोका दिने काम गर्ने ८० जना नेता कार्यकर्तालाई कारबाही गर्नुपर्ने हाम्रो सिफारिस छ ।'

प्रवक्ता मनिष सुमनले समितिले बुझाएको प्रतिवेदनमाथि पार्टीको केन्द्रीय कार्यकारिणी समितिमा छलफल गरेर कारबाही प्रक्रियाअघि बढाइने बताए । हाल जसपामा २० सदस्यीय केन्द्रीय कार्यकारिणी समिति छ भने केन्द्रीय समितिमा पाँच सयभन्दा धेरै सदस्यहरू रहेका छन् ।

गत पुस १८ मा बसेको केन्द्रीय कार्यकारिणी समिति बैठकले नेता शिवलाल थापामगरको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिले स्थलगतरुपमा छानबिन गरी शनिबार अध्यक्ष यादवलाई प्रतिवेदन बुझाएको हो ।

## नारायणगढ-मुग्लिन सडक आजदेखि बन्द नहुने

चितवन/नारायणगढ-मुग्लिन सडक खण्डका पुल फराकिलो बनाउने क्रममा भित्तो काट्नुपर्ने भएकाले दिउँसोको समयमा बन्द गरिँदै आएकामा आजदेखि बन्द नगरिने भएको छ । भित्तो काट्न कठिन भएपछि गत पुस ५ गतेदेखि दिउँसोमा दैनिक ४ घण्टा सडक बन्द गरेर काम हुँदै आएको थियो ।

पहिलो ३० दिन बिहान ११ देखि दिउँसो ३ बजेसम्म बन्द गरिएको थियो भने त्यसपछि दिउँसो १२ देखि ४ बजेसम्म सडक बन्द गरिएको थियो । नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन) का सूचना अधिकारी कृष्ण आचार्यका अनुसार सवारीसाधन रोकेर पाँचठाउँको पहाड काट्न सुरु गरिएकामा तुइन खोलाको मुग्लिनतर्फको पहाडबाहेक अन्यत्रको काम अन्तिम चरणमा पुगेको छ । तुइन खोलाको भित्तोलाई विष्फोट गराउन लागिएकाले सवारी रोकेर भित्तो काट्ने काम शनिबारदेखि बन्द गर्न लागिएको हो ।

तुइन खोलाको पुल निर्माणका क्रममा ६० मिटर अग्लो कडा चट्टानसहितको डाँडो थियो । सो डाँडोलाई काट्न कठिन भएको हो । सो पहाडको अझै ४० मिटर काट्न बाँकी छ । यससँगै बाँकी रहेको चिसेन्जी खोलाको पुलको आडको देब्रेपट्टिको भित्तो काट्ने काम अन्तिम चरणमा रहेको छ । सिमलताल, कालीखोला र नाम्ची खोलाको भित्तो काट्ने काम सकिएको छ । यी पुलसँगै काम थालिएका नौ पुल भित्तो काट्न नपर्ने भएकाले बनिसकेका छन् ।

यसअघि नै सो सडकका पाँच पुल बनिसकेका थिए । पाँचवटा पुल निर्माणाधीन छन् । सडक विस्तारसँगै पुल साँघुरा भएपछि सडकमा रहेका २० वटै पुल नयाँ थप गरिएको हो । पहिलेको पुलको छेउमा अर्को पुल बनाउँदै गर्दा भित्तो काट्नु परेको हो ।

आचार्यका अनुसार तुइन खोलाको भित्तो काट्नका लागि विस्फोट गराउन अनुमति लिने प्रक्रियामा रहेको छ । अनुमति पाएसँगै एक महिनामा विस्फोटक पदार्थ झिकाएर विस्फोट गराउने तयारी आयोजनाले गरेको उनले जानकारी दिए ।

विश्व बैंकको सहयोगमा पुल बनाउन लागिएको हो । एउटा पुलको काम सुरु भएको छैन । पुलको छेउमा सुकुम्वासी बसेकाले हटाउन नसक्दा काम रोकिएको हो । विश्व बैंकको सहयोगमा काम गर्दा क्षतिपूर्ति दिलाएर मात्रै काम गर्नुपर्ने प्रावधान रहेको छ ।

आयोजनाका प्रमुख किरण कार्कीका अनुसार क्षतिपूर्तिका लागि रु एक करोड हाराहारी खर्च हुन्छ । रकम माग गरिएको भए पनि प्राप्त हुन नसक्दा काम सुरु गर्न नसकिएको हो ।

पुल निर्माण सम्पन्न गर्नुपर्ने मिति २०८० पुस ९ गतेसम्म रहेको छ । सुरुमा ३३ महिनाका लागि सम्झौता भए पनि काम सम्पन्न नभएपछि हालै समय एक वर्ष थप गरिएको हो । सो सडकका १५ पुल निर्माणका लागि अनक कन्स्ट्रक्सनले बोलपत्र प्राप्त गरेको छ ।

पुल निर्माणका लागि रु एक अर्ब २२ करोड खर्च हुने छ । सो सडकमा यसअघिका पुल साँघुरा थिए । अहिले बनाइएका पुल ११ मिटर फराकिला छन् । सडक नौदेखि ११ मिटर फराकिलो रहेको छ । यो सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारी आवागमन गर्दछन् ।

## छतबाट खसेर माधव नेपालका भाइ सरोजको निधन

काठमाडौं/छतबाट लडेर गम्भीर घाइते भएका नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालका भाइ सरोजकुमार नेपालको उपचारका क्रममा निधन भएको छ । उनी शंखमुलस्थित एक घरको छतबाट लडेर गम्भीर घाइते भएका थिए ।

एकीकृत समाजवादी पार्टीका केन्द्रीय सदस्य समेत सरोज शनिबार दिउँसो दुर्घटनामा परेका हुन् ।

लडेर गम्भीर घाइते भएका नेपाललाई माइतीघरस्थित अन्नपूर्ण न्युरो अस्पतालमा उपचारका लागि लगिए पनि बचाउन नसकिएको नेकपा एकीकृत समाजवादीका उपमहासचिव डा. विजय पौडेलले जानकारी दिए । नेपाल नेकपा एकीकृत समाजवादीको इन्जिनियर विभागका प्रमुख समेत हुन् । शनिबार दिउँसो एक रेष्टुरेष्ट रहेको घरको छतबाट नेपाल खसेको अवस्थामा भेटिएका थिए ।

## पशुपतिमा ७ दिनको ठेक्का, १८ दिनसम्म मेला

काठमाडौं/पशुपति क्षेत्रमा महाशिवरात्रीको अवसर पारेर ७ दिनसम्म मेला चल्न ठेक्का दिएपनि १८ दिनसम्म चलेको पाइएको छ ।

धार्मिक आस्था बोकेको पशुपतिमा ठेकेदार र पशुपति विकास कोषका कर्मचारीको निहीत स्वार्थमा व्यापारको अखडा बनाएको भन्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले शुक्रबार छानविनपछि छानविन समिति बनाएको छ ।

कोषले महाशिवरात्रिको अवसरमा आयोजना गरेको मेला तोकिएको समय अवधिभन्दा बढी लगाइएको गुनासो आएको भन्दै मन्त्री सुदन किरातीको निर्देशनमा मन्त्रालयले छानबिन समिति गठन गरेको हो । मन्त्रालयका सहसचिव राजेन्द्र कुमार केसी संयकत्वमा गठीत छानविन समितिले ७ दिनभित्र सत्यतथ्य पत्ता लगाई प्रतिबेदन बुझाउन भनिएको छ । तीन सदस्यीय समतिका सदस्यमा केसीसँगै मन्त्रालयका उपसचिव अर्जुन राई र शाखा अधिकृत जयन्ती श्रेष्ठ छन् ।

मन्त्रालयका सचिव सुरेश अधिकारीका अनुसार मेलाको ठेक्का अवधि कति दिन हो ? कस्लाई ठेक्का दिईएको हो ? किन समयावधिभन्दा धेरै दिन मेला चल्न दिइएको हो ?

कोषका कर्मचारीको मिलेमतो छ वा छैन भन्नेबारे विस्तृत छानविन गरेर प्रतिवेदन बुझाउन समितिलाई कार्यदिश दिइएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

"तपाई, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# न्यौपाने एमालेमा फर्किने हल्लामा कति सत्यता ?

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय उपाध्यक्ष केदारप्रसाद न्यौपाने नेकपा एमालेमै फर्किने चर्चाले मकवानपुर तातेको छ ।

कुशल संगठकको परिचय बनाएका न्यौपाने एमालेमै फर्किने चर्चाले एकीकृत समाजवादीमा संन्नटा आएको हो । तत्कालीन नेकपाको पोलिटब्यूरो सदस्य तथा एमालेमा २०४५ सालदेखि पटक-पटक केन्द्रीय सदस्यको भूमिकामा रहेका न्यौपाने एमाले विभाजनसँगै एकीकृत समाजवादीको उपाध्यक्ष बनेका थिए । न्यौपानेको समसामयिक राजनीतिक घटनाक्रमसँग मिल्दो 'धोकाको नशा' कविता र एमाले मकवानपुरका नेताहरुसँगको र ाजनीतिक भेटघाट सार्वजनिक भएसँगै उनी एमालेमै फर्किन लागेका हुन भन्ने जिज्ञाशा धेरैले गरिरहेका छन् ।

कविताले बजार पिटिर हेको बेला उपाध्यक्ष न्यौपानेसँग एमाले मकवानपुरका नेताहरुसँगको भेटले फेरि जिल्लाको राजनीतिक गर्माएको हो । एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य ललित बस्नेतको हेटौंडा-४, स्थित घरमा न्यौपाने सहित बस्नेत, एकीकृत समाजवादी मकवानपुरका सचिव ध्रुव भुजेलले एमाले मकवानपुरका सचिव तथा जनप्रतिनिधि नवीन सिग्देल र एमाले सहसचिवसमेत रहेका भीमफेदी



गाउँपालिका अध्यक्ष हिदम लामासँग भेट गरेका हुन् । भेटको तस्बिर सिग्देल र लामा दुवैले सार्वजनिक गरेका हुन् ।

सिग्देलले लेखेका छन्, 'सुखद् यात्राको सुरुवात मकवानपुर बाटै हुनेछ,' लामाले थप्दै लेखे, 'कमरेड केदार न्यौपाने, कमरेड ललित बस्नेतलगायतसँग प्रसंगले जुराएको भेट,' लामा र सिग्देलको भनाईले न्यौपानेले एमालेमै फर्किने तयारी गरेअनुसार जिल्लास्तरका नेताहरुसँग संवाद अघि बढाएको सन्देश बाहिर गएको छ । तर, भेटका क्रममा समसामयिक राजनीतिक घटना क्रमका बारेमा मात्रै कुराकानी भएको न्यौपानेले बताए । एमालेका आफ्नै चेलाहरुसँगको भेटले एमालेमै फर्किन लागेको चर्चा भयो नी भन्ने प्रश्नमा न्यौपानेले भने- 'बहुदलीय व्यवस्थामा दलहरुसँग भेटघाट भइरहन्छन् । यसअघि पनि भइरहेका छन् । मैले एमालेमै फर्किन्छु भनेको पनि छैन, उहाँहरुले प्रस्ताव राखेका पनि छैनन् । मोर्चा एक बनाउनु पर्छ भन्नेमा जोड भयो,'

उनले राजनीतिक तथा आर्थिक रुपमा मुलुक संकटमा परेको र बलियो कम्युनिष्ट शक्ति बनाउनुपर्नेमा कुराकानी भएको बताए । देशमा राजावादीहरुको सक्रियता बढेकोतर्फ संकेत गर्दै लोक्तान्त्रिक गणतन्त्रमाथि नै खतरा बढेको सुनाए । 'यसरी खतरा बढिर हँदा मुख्य राजनीतिक शक्तीहरु एक हुनुपर्छ भन्ने हो । एक्लाएक्लै हिँडेर केही गर्न सकिँदैन । जनताका आकांक्षाहरु पूरा हुन सकेका छैनन् । दलहरुले अब सोचेर अघि बढ्नुपर्छ,' न्यौपालेले भने । एमालेमै फर्किने हल्लामा कति सत्यता छ भन्ने प्रश्नमा उनले भने, 'एमालेमा म मात्र फर्किने भन्दा पनि दुई शक्ति एक हुनुपर्छ भन्ने हो,' दुई पार्टी एक हुनुपर्ने पुरानै अडान न्यौपानेले दोऱ्होयाएका छन् ।

दलहरु फुटेर नभई जुटेर अघि बढ्नुपर्ने उनको भनाइ थियो । एमाले जिल्ला सचिव सिग्देलले भेट सकारात्मक भएको बताए । 'धेरै कुरा म अहिले गर्दिन । हामीले उहाँको कुरा सुनेका हौं, सकारात्मक पायौं,' न्यौपाने एकीकृत समाजवादी भित्र एमालेसँग मिल्नुपर्ने लाइनका मुख्य नेता हुन् । उनका दाईसमेत रहेका माधव नेपालका विश्वासिला पात्र मुकुन्द न्यौपानेले यसअघि एमालेसँग मिल्नुपर्ने विषय पार्टी कमिटी बैठकमै उठाएका थिए । एकीकृत समाजवादीभित्र न्यौपाने दाजुभाईसहित धेरै नेताहरु एमालेसँग मिलेर बलियो कम्युनिष्ट शक्ति निर्माण गर्नुपर्नेमा निरन्तर जोड दिइरहेका छन् ।

न्यौपाने मकवानपुरमा वैचारिक, असल र सरल जिवनयापन गर्ने नेताका रुपमा परिचित छन् । उनै न्यौपानेको वैचारिक राजनीतिले मकवानपुरमा धेरै कम्युनिष्ट नेता जन्माएको चर्चा हुने गरेको छ । एमाले मकवानपुरका युवा पुस्ता उनकै उत्पादनसमेत हुन् । जसकारण पनि न्यौपाने एमाले फर्किने हल्लाले राम्रै बजार पाएको हो ।

न्यौपानेको चार दिनअघि एउटा कविता आयो, 'धोकाको नशा' । उनको कविता एमालेसँगको गठबन्धन फुटाएर कांग्रेससँगै मिल्ने प्रधानन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्णय र एमालेबाट विभाजन हुने र हाल राष्ट्रपतिको उम्मेदवार प्रस्ताव नकार्दै कांग्रेसलाई साथ दिने माधव नेपालको निर्णयसँग सम्बन्धित रहेको चर्चा छ ।उपाध्यक्ष न्यौपानेको कविता चर्चामा छ । उनको कवितामाथि कतिपयले वर्तमान राजनीतिक अवस्थाको यथार्थ चित्रण गरेको टिप्पणी गरेका छन् भने कतिपयले विचलन हुन खोजेकोसमेत आरोप लगाएका छन् ।

# बिसिङ्खेलले जित्यो उपमेयरकप ब्याडमिन्टन उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ थाहा नगरपालिकामा भएको 'चौथो उपमेयर ब्याडमिन्टन कप प्रतियोगिता-२०७९' को उपाधि बिसिङ्खेल 'ए'ले जितेको छ ।

सामाजिक संस्था फरक सोचद्वारा आयोजित प्रतियोगिताको शनिवार भएको फाइनल खेलमा नरेन्द्र मोक्तान र देवकुमार अर्यालको थाहा-१० बिसिङ्खेल 'ए' टिमले ओम नम शिवायका डा. शक्ति चौरासिया र संग्राम खत्रीको टिमलाई सोझो सेटमा पराजित गरेको हो । १९ फागुनमा भएको सेमिफाइनल खेलमा थाहा-१० ले थाहा नगर पालिका 'डी' र ओम नम शिवायले ईलाका प्रहरी कार्यालय 'ए'लाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो । प्रतियोगिताअन्तर्गत् ईलाका प्रहरी कार्यालय 'ए'ले थाहा नगरपालिका 'डि' टिमलाई पराजित गर्दै तेश्रो स्थान हासिल गरेको छ ।

प्रथम, द्वितीय र तृतीय हुने टिमहरुलाई नगद पुरस्कार क्रमश: २० हजार, १५ हजार र १० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडी थाहा-१० का देव कुमार अर्याल हुन सफल भए । 'उन्नत समाजको निर्माण गरौं,सहयोगी भावनाको विकास गरौ' भन्ने मुल नाराका साथ ब्याडमिन्टन खेलाडी उत्पादन गर्ने




उद्देश्यले फरक सोचले प्रतियोगिता आयोजना गरेको हो । खुल्ला मेन्स डबल प्रतियोगितामा १६ टिमको सहभागिता रहेको थियो ।

आयोजक फरक सोचका संयोजक यादव जंग रायमाझीको अध्यक्षतामा भएको समापन तथा पुरस्कार वितरण समारोहमा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा थाहा नगर पालिकाको प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरे, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, ४ का अध्यक्ष नारायण लामा, नेकपा एमाले नगर सचिव रामकृष्ण बस्नेत, माओवादी केन्द्रका नगर अध्यक्ष विनोदकुमार लामा, थाहा नगर खेलकुद विकास समिति सदस्य सचिव अनिल लामिछाने, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष अरुण रायमाझीलगायतको आतिथ्यता थियो ।

शिखर क्लब सहआयोजक रहेको प्रतियोगिताको थाहा नगर पालिकाको मुख्य प्रायोजन रहेको छ । प्रतियोगिताको प्रथम नगद पुरस्कार ओम अध्याय रिसोर्टले प्रायोजन गरेको छ । दोश्रो नगद पुरस्कार गोर्खा ब्रुअरी र तेस्रो नगद पुरस्कार च्वाइस नेपालले प्रायोजन गरेको हो । प्रतियोगितालाई पालुङ बहुउद्देश्यीय सहकारी संस्था, महालक्ष्मी बिकास बैंक पालुङ शाखा, प्यासेफिक बचत तथा ऋण सहकारी संस्था, होटल टिस्टुङ कटेज बज्रबाराही, शिव एग्रो भेट थाहा-३ घर्तिखोलाको सहयोग रहेको छ ।

# 'जनजाति पत्रकारहरुको पलायन रोक्नुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ हेटौंडामा शनिवार भएको नेपाल आदिवासी जनजाति पत्रकार महासंघ मकवानपुरको जिल्ला भेलालाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले जनजाति पत्रकारहरुको पत्रकारितामा निरन्तरता जरुरी रहेको बताएका छन् ।

उनले आदिवासी जनजाति पत्रकारहरु पत्रकारितामा लागे पनि अन्तत: विभिन्न समस्याका कारण यस क्षेत्रबाट पलायन हुने गरेको सन्दर्भ देखिएको प्रमुख घलानले उल्लेख गरे । उनले चुनौतीहरुको न्युनीकरण गर्दै पत्रकारितामा जनजाति पत्रकारहरुको निरन्तरतामा जोड दिए । यस्तै आदिवासी जनजाति पत्रकारहरुले पत्रकारिताका समग्र विषयलाई मध्यनजर गर्दै समुदायगत विशिष्ट विषय वस्तुलाई प्राथमिकतामा राख्न जोड दिएका छन् । नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका संस्थापक अध्यक्ष प्रताप विष्टले समाचारका विषयवस्तु समावेशी ढंगले प्रकाशन प्रसारण हुन संचार गृहको न्युज रुम (समाचार कक्ष) समावेशी हुनुपर्ने भनाई व्यक्त गरे ।

हालसम्मको संचार गृहहरुको न्युज रुमहरु हेर्दा समावेशी नरहेको र जसका कारण न्युजका विषय वस्तुहरु पनि समावेशी ढंगले प्रकाशन प्रसारण हुन नसकेको संस्थापक अध्यक्ष विष्टले उल्लेख गरेका छन् । आदिवासी जनजाति समुदायका




सवाल र विषयवस्तु आदिवासी जनजाति पत्रकारहरुले नै उठान गर्दा प्रभावकारिता बढ्ने भन्दै संस्थापक अध्यक्ष विष्टले हाल पहिचानको मुद्दा ओझेल पर्दै गएको देखिएको बताए । आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जंगबहादुर गुरुङले आदिवासी जनजाति पत्रकार संगठन र जनजाति महासंघबीच निकटको सम्बन्ध रहेको उल्लेख गरे । जनजाति पत्रकारहरुले आदिवासी जनजाति समुदायको आवाजको रुपमा भूमिका खेलिरहेको उल्लेख गर्दै आगामी दिनमा उक्त भूमिका सशक्त बन्दै जाने विचार व्यक्त गरेका छन् ।

पत्रकार महासंघ बागमती प्रदेश समिति महासचिव कृष्ण सारु मगरले हालको सन्दर्भमा आदिवासी जनजाति पत्रकारहरुले आर्थिक लगायत विभिन्न चुनौतिहरुको सामना गर्दै पत्रकारितामा निरन्तरता दिइरहेको स्थिति रहेको उल्लेख गरेका छन् । स्थानीय तहहरुमा रहेको आदिवासी जनजाति जनप्रतिनिधिहरुले फोनिज संगठनहरुलाई थोरै मात्रामा आर्थिक एवम् भौतिक सहयोगका कार्यक्रममा जोडिन सकिए स्थिति सहज हुनसक्ने महासचिव सारु मगरले विचार व्यक्त गरेका छन् । फोनिज मकवानपुरका अध्यक्ष अशोक सुजन श्रेष्ठको अध्यक्षतामा भएको भेलामा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति उपाध्यक्ष सम्झना कार्की, महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यलगायतको आतिथ्यता रहेको थियो ।

# उत्तरी क्षेत्रमा कराते महासंघ गठन



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा स्थानीय कराते महासंघ गठन भएको छ ।

शिखरकोटमा भेलाले कराते खेलाडी रोशन बलामीको अध्यक्षतामा १३ सदस्यीय थाहा नगर पालिका कराते महासंघको गठन गरेको हो । नवगठित समितिको उपाध्यक्षमा किरणकुमार बलामी, सचिव सम्राट बलामी, कोषाध्यक्ष मान सिं दोङ र सदस्यहरुमा इनेश बलामी, सुशील रुम्बा, मल्लिका खत्री, प्रमिला थोकर, बिनिता खत्री, गौरव थापा मगर, सुमित स्याङ्तान, आर्जन भक्त श्रेष्ठ र मेंचिना स्याङ्तान रहेका छन् ।

कराते खेलाडी मानसिं दोङको अध्यक्षतामा भएको भेलामा थाहानगर खेलकुद विकास समिती संयोजक टिकाराम स्याङ्तानको प्रमुख आतिथ्यता रहेको थियो । भेलाले जिल्ला कराते महासंघको लागि प्रतिनिधिसमेत चयन गरेको छ । जिल्ला महासंघमा रोशन बलामी, मान सिं दोङ, सम्राट बलामी र किरण कुमार बलामीलाई प्रतिनिधि तोकिएको कोषाध्यक्ष दोङले जानकारी दिए ।

# श्रेष्ठको नेतृत्वमा भीम विराग प्रतिष्ठान

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानको अध्यक्षमा केशवलाल श्रेष्ठ चयन भएका छन् । शनिबार हेटौंडामा भएको साधारणसभाबाट श्रेष्ठको अध्यक्षतामा ११ सदस्यीय समिति सर्वसम्मत चयन भएको हो ।

प्रतिष्ठानको उपाध्यक्षमा श्यामकुमार बानियाँ, महासचिवमा छवि अनित्य, सचिवमा सुरेश श्रेष्ठ, कोषाध्यक्षमा माधव पोखरेल चयन भएका छन् । यस्तै प्रतिष्ठानको सदस्यमा विकेशलाल श्रेष्ठ, विनिता महत, प्रलय चौलागाई, गोपिनी गौतम, रमेश गहतराज र पुरणविक्रम अधिकारी चयन भएका छन् ।

प्रतिष्ठानका निवर्तमान अध्यक्ष हृयग्रीव आचार्यको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता रहेको थियो ।

# राष्ट्रिय रोटरी माविमा पुन: बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ मनहरी ७ स्थित राष्ट्रिय रोटरी माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा पुन: शालिकराम बानियाँ चयन भएका छन् ।

शुक्रबार भएको २६ औं अभिभावक भेलाले बानिँयाको अध्यक्षता नयाँ कार्य समिति चयन गरेको हो । सदस्यहरु खिल बहादुर खाती, विनय प्रजा, रन्जिता गोले, सिता पुलामी मगर, ठम कुमार गौतम, गंगादेबी स्यांतान र सदस्य सचिवमा गोविन्द प्रसाद पौडेल चयन भएका छन् ।

साथै भेलामा प्रधानाध्यापक पौडेलले विद्यालयको प्रगति तथा आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । भेलाको प्रमुख अतिथिमा जिल्ला समन्वय समितिका प्रमुख ललित घलान रहेको थियो ।

साथै भेलामा बागमती प्रदेशका निवर्तमान सांसद तथा मनहरी वहुमुखी क्याम्पस समितिका अध्यक्ष ओम बहादुर ग्लान, राजनैतिक दलको तर्फबाट नेपाली कांग्रेस मनहरी गाउँ कमिटिका सभापति प्रकाश बर्तौला, प्यब्सन मनहरीका अध्यक्ष तथा रेडियो मनहरी एफएमका स्टेशन म्यानेजर शिव कुमार रिजाल, पूर्व अध्यक्षहरुबाट गौतम लामा लगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

# बागमतीका १० सांसदले बुझाएनन् सम्पति विवरण



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ बागमती प्रदेशका दश जना सांसदहरुले सम्पति विवरण बुझाइसक्नु पर्ने समयावधि गुजारेको पाइएको छ ।

तोकिएको अवधिमा सम्पति विवरण बुझाउनुपर्ने कानूनी व्यवस्था भएपनि बागमतीका दश जना सांसदहरुले सम्पति विवरण नबुझाएका हुन् ।

प्रदेशसभा सदस्यमा सपथ लिएको दुइ महिनाभित्र प्रदेशसभा सचिवालयमा सम्पति विवरण बुझाउनुपर्ने कानूनी व्यवस्था छ । जसमध्ये बागमतीका १ सय जना सांसदले मात्रै सम्पत्ति विवरण बुझाएका छन् । १० जना सांसदहरुले सम्पति विवरण नबुझाएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी सुन्दर बाँस्कोटाले जानकारी दिए ।

बागमती प्रदेशसभाका सदस्यहरुले २०७९ साल पुस १४ गते प्रदेशसभामा सपथ ग्रहण गरेका थिए । दुइ महिना फागुन १४ गते पुगिसकेको छ । प्रदेशसभा सचिवालयले सबै सांसदहरुलाई सम्पति विवरण बुझाउनका लागि सूचना पनि गरेको सूचना अधिकारी बाँस्कोटाले बताए । सांसदहरुलाई सम्पत्ति विवरण बुझाउन पटक-पटक ताकेता गरेको उनको भनाई छ ।

# मनहरीबाट घिसिङ पक्राउ

हेटौंडा, २० फागुन/ मकवानपुर मनहरी गाउँपालिका-६, खैरधारीबाट लागुऔषध सहित एक जना पक्राउ परेका छन् । पकाउ पर्नेमा स्थानीय ४० वर्षीय नर मान घिसिङ रहेका छन् ।

बिशेष सूचनाको आधारमा खटिएको प्रहरीको टोलीले शुक्रबार घिसिङलाई घरबाटै अन्दाजी १ किलो लागुऔषध अफिम सहित पक्राउ गरेको हो । उनलाई लागुऔषध अफिम सहित नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा सापकोटाको मृत्यु




साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ हेटौंडामा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकल चालक हेटौंडा उपमहानगरपालिका-६ चौघडा बस्ने ५० वर्षीय कृष्ण सापकोटा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एव प्रहरी नायव उपरीक्षक टेक बहादुर कार्कीका अनुसार हेटौंडा-भैसें सडकखण्ड अन्तर्गत हेटौंडा उपमहानगरपालिका-१ तिरतिरे धारामा भैसेंबाट हेटौंडातर्फ आउँदै गरेको ना ४६ प २३७१ नम्बर को मोटरसाइकल अनियन्त्रित भएर आज शनिबार दुर्घटना भएको हो ।

दुर्घटनामा मोटरसाइकल चालक सापकोटा गम्भीर घाइते भएका थिए । उनको उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रवक्ता कार्कीले जानकारी दिए ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्



कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

हार्दिक आभार



हेटौंडामा शनिवार सम्पन्न नेपाल औषधी व्यवसायी संघ मकवानपुरको छैठौं जिल्ला अधिवेशनबाट मलाई अमुल्य मत प्रदान गरी गरिमामय अध्यक्ष पदमा विजयी गराइदिनु भएकोमा सम्पूर्ण मतदाता व्यवसायी दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक आभार व्यक्त गर्दछु । साथै, संघको नेतृत्व सम्हाल्दै गर्दा व्यवसायीहरूको हकहित, अधिकारका लागि निरन्तर सक्रिय रहँदै व्यवसाय प्रवर्द्धनका लागि काम गर्ने प्रतिबद्दता व्यक्त गर्दछु
नारायणलाल श्रेष्ठ
नेपाल औषधी व्यवसायी संघ
मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना